

# सम्पादकीय



## दोस्रो चरणको निर्वाचनको सन्देश

विभिन्न अड्कल, आशंका र त्रासकाबीच दोस्रो चरणको निर्वाचन बुधबार असार १४ गते प्रदेश नम्बर १, ५ र ७ को ३५ जिल्लाका ३३४ स्थानीय तहमा शान्तिपूर्ण र उत्साहजनक रूपमा सम्पन्न भएको छ। गत बैशाख ३१ गते भएको पहिलो चरणको निर्वाचन पनि यसैगरी सम्पन्न भएको थियो। दुबै निर्वाचनमा आम जनताको उत्साहपूर्ण सहभागिताले उनीहरूमा निर्वाचनप्रतिको मोह छर्लङ देखिन्छ।

निश्चय पनि निर्वाचनलाई प्रजातन्त्रको मेरूदण्ड मानिन्छ। आवधिक निर्वाचनबिनाको प्रजातन्त्र दिगो हुन सक्दैन भन्ने स्वयंशिद्ध तथ्य नै हो। विगत २० वर्षदेखि रिक्त रहेको स्थानीय जनप्रतिनिधिको अभावलाई यस निर्वाचनले अवश्य पूर्ति गर्नेछ। जनताको आफ्नै घर आङ्गनमा आइपुग्ने स्थानीय सरकार र विकासको सम्भावनालाई स्थानीय तहको निर्वाचनले पक्कै सघाउने छ। अझ नयाँ संचरनाअनुसार भएको स्थानीय निर्वाचनले आम जनतामाझ सरकारको उपस्थिति र आफ्नो सहभागिताको सुनिश्चितता गराउँछ। जसकारण, स्थानीय तहको निर्वाचन आफैमा विशिष्ट महत्व राख्छ।

> निर्वाचन स्वच्छ हुनका निमित्त साझा हुन जरूरी छ र राजपाबिनाको कुनै निर्वाचन साझा हुन सक्दैन। साझा नभएका निर्वाचनहरू भयमुक्त हुँदैनन् र भयसहितको निर्वाचनले कानूनी वैधता पाएपनि सामाजिक स्वीकृति पाउँदैन।

देश गणतान्त्रिक व्यवस्थामा प्रवेश गरिसकेको अवस्थामा नयाँ संरचनामा पनि स्थानीय तहको छुट्टै विशेषता रहेको छ। यसो हुँदाहुँदै पनि एउटा गहन सवाल के उठेको छ भने राष्ट्रिय जनता पार्टी नेपाल, जो ६ वटा पार्टी मिलेर अहिले मधेशको महत्वपूर्ण पार्टी बनेको छ, उसको सहभागिता नरहेको यो निर्वाचनले आम जनताको भावनालाई समेट्न सफल भएको छ त?

निश्चय पनि राजपा, जो संविधान संशोधन नगरी निर्वाचनमा जानु हुँदैन भन्दै आएको छ। राजपाको सहभागिता नरहेको निर्वाचन चाहे पहिलो चरणको होस् वा दोस्रो चरणको, राजपाको मागलाई नजरअन्दाज गर्न सकिन्न। तर, उसको सहभागिता नरहेको निर्वाचनमा जनताको अपार सहाभागिता हुनुले राजपाको माग कमजोर त होइन भन्ने प्रश्न पनि उब्जाएको छ। किनभने राजपाको प्रभाव मानिएको क्षेत्रमा पनि उत्साहपूर्ण मतदान भएको छ। यसले उसको मागप्रति जनताले पनि नजरअन्दाज गरेको हो कि भन्ने चिन्ता बढाएको छ। निश्चित रूपमा राजपाको माग अनुचित होइन, किनभने उसले संविधान संशोधनको कुरा निर्वाचनको मुखमा उठाएको होइन, तर पनि उसको मागप्रति राज्यको बेवास्ताले उसलाई निर्वाचनबाट वञ्चित मात्र गराएको छैन, मधेशको एउटा धारलाई निर्वाचनबाट पनि विमुख गराएको छ।

यद्यपी, तेस्रो चरणको निर्वाचन हुन बाँकी छ र त्यसअघि नै राजपाको सहभागितालाई सुनिश्चित गर्न संविधान संशोधन गरिनु पदर्छ। होइन भने राज्यले संविधान कार्यान्वयन तथा आगामी दुई निर्वाचनको बाटोलाई सहज पार गर्न कठिन हुनेछ।

निर्वाचन स्वच्छ हुनका निमित्त साझा हुन जरूरी छ र राजपाबिनाको कुनै निर्वाचन साझा हुन सक्दैन। साझा नभएका निर्वाचनहरू भयमुक्त हुँदैनन् र भयसहितको निर्वाचनले कानूनी वैधता पाएपनि सामाजिक स्वीकृति पाउँदैन। स्थानीय तहको प्रदेश नं. २ को निर्वाचनमा राजपालाई सहभागी गराउन सर्वपक्षीय सक्रियता जरूरी छ। मुलुकप्रति मोह भंग, सरकारसँग द्वेष र दलहरूप्रतिको घृणा बढ्दै गयो भने यसले संविधानप्रतिको अमान्यता बढाउन सक्छ।

## सताको सात बात



दोस्रो चरणको निर्वाचनमा देखिएको उत्साहजनक जनसहभागिताले आगामी असोज २ गते प्रदेश नं २ मा हुने तेस्रो चरणको स्थानीय निर्वाचन र त्यसपछि हुने प्रदेश र केन्द्रको निर्वाचनको सफलताको पूर्वसङ्केत गरेको छ। – **शेरबहादुर देउवा (प्रधानमन्त्री)**



मतदाताले व्यक्त गरेको मतलाई लिएर उत्तेजनामा नआउन, संयमता प्रदर्शन गर्न तथा लोकतान्त्रिक पद्धति र प्रक्रियाप्रतिको प्रतिबद्धतालाई पुनः अभिव्यक्त आयोग सबै सरोकारवालासँग आग्रह गर्दछ। – **डा. अयोधिप्रसाद यादव (प्रमुख आयुक्त, निर्वाचन आयोग)**



संविधानको समयवद्ध कार्यान्वयनका लागि सबै तह र तप्काले आआफ्नो ठाउँबाट भूमिका खेल्नुपर्छ। संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै देशलाई विकासको मार्गमा डोऱ्याउन मैले स्थानीय तहको निर्वाचनमा मतदान गरेको हुँ। – **ओनसरी घर्ती (सभामुख)**



परम्परावादी राष्ट्रियताको व्याख्याले अबको राजनीति चल्न सक्तैन। राजनीतिक दल र प्रबुद्ध वर्गले वस्तुवादी दृष्टिकोण बनाउन नसकी नकारात्मक राष्ट्रियताको उत्तेजनामा मात्र बग्ने हो भने अरू विग्रह हुनसक्छ। – **लोकराज बराल (राजनीतिक विश्लेषक)**



राष्ट्रिय जनता पार्टी नेपालले लडाई गुमाएको छ। स्थानीय चुनावमा जनताले लोकतन्त्रको अभ्यास गर्न पाएका छन् र यसबाट जनता उत्साहित भएका छन्। – **उपेन्द्र यादव (अध्यक्ष, संघीय समाजवादी फोरम नेपाल)**



संविधान गतिशील संशोधनको दस्तावेज भएकोले औचित्यपूर्ण संशोधनका विषयमा राष्ट्रिय जनता पार्टी नेपाललगायत सबै राजनैतिक दलसँग छलफल गर्न नेकपा एमाले तयार छ। – **ईश्वर पोखरेल (महासचिव, नेकपा एमाले)**



मतदान बहिस्कार गर्ने राजपाको अपील जनताले खारेज गरेको छ। मत परिणाम स्वतन्त्र उम्मेदवारको पक्षमा आयो भने त्यसलाई आन्दोलनप्रति मधेशी जनताको समर्थनका रूपमा बुझ्नुपर्छ। – **सर्वेन्द्रनाथ शुक्ल (उपाध्यक्ष, राजपा नेपाल)**

*प्रस्तुती : संगीता रेग्मी*

# इतिहास बंग्याउने नियोजित प्रयास



मनोज कुमार कर्ण

> गोर्खाल्याण्डको आफ्नो सन्दर्भ होला। हामी अरूको देशमा सत्यतथ्य नबुझी र प्रसंग नआए बोल्ने गर्नु हुँदैन नत्र भारतलाई केही नहुनपनि सक्छ तर नेपालको सीमारेखा सहीसलामत नरह्न सक्छ !

**प्रसङ्ग तिरहुते वाहुणीको**

*हिमालखबर*लाई उद्धृतगर्दै गत अंकमा यस *मधेशवाणी*मा अध्ययनशील लेखक **शिवहरी ज्ञवाली**को "हजार वर्षदेखि लड्दै आएको मधेश विरासतलाई पुनःजागृत गराउन सशक्त रूपमा उठ्न आवश्यक" शीर्षकको लेखमा केही 'मित्र'ले "यदि शाहकालमा मधेशीहरूमाथि विभेद भएको हुन्थ्यो भने रणबहादुर शाहले तिरहुतीया कान्तीवतीलाई किन विवाह गर्थे ?" भन्ने सन्दर्भलाई यी 'मित्रहरूसँग' डीलगर्न केही यो प्रसङ्ग उल्लेख गर्न आवश्यक छ।

पहाडी ईतिहास नेपालमा पहाडीहरू नै शासक रहेकाले पूर्वाग्रहपूर्ण रह्नुमा शंका छैन। नेपालका विश्वविद्यालयका ईतिहास, नेपाली, संस्कृति, अंग्रेजी, पुरातात्विक विभाग वा जहाँपनि यदि यस गणतन्त्रमा पुरानै इतिहासलिएर कोही विद्यावारिधीले पनि लिंडेढिपी गर्छन् भने 'राम, राम !' शिवाय केही भन्न सकिंदैन र उसको विद्यावारिधीको प्रमाणपत्र वा पित्त पत्रकारीताको लाईसेन्स खोस्नु वा खारेज गर्नुपर्छ। किनकि जुनपनि विभागका मान्छेले मिचेल फुकोको थ्योरी पढ्छन् जसले **इतिहास पावर होल्डिङ्गको फेवरमा लेखिएको** सयकडौं दृष्टान्तसमेत भन्छ। त्यसैले **न्यू हिस्टोरिसिज्म्**ले इतिहासबाट सत्य निकाल्ने हो भने जुन समयको इतिहास हो, सो समयको अन्य उपलब्ध पत्रपत्रिका, पर्चापम्फलेट, इन्काभिंग्ज्, डायरी, मोनुमेन्ट, घट्नासंग सम्बन्धित मान्छेलाई आदिलाई पढ/भेट भन्छ, जसलाई **थिक डेस्क्रिप्सन** भनिन्छ। थिक डेस्क्रिप्सनमा आधारित तिरहुते वाहुणी को थिइन्, उनको वास्तविक नाम के थियो, रणबहादुरले विवाह गरेर मधेशीप्रति गुण लगाए कि विवाह गर्न बबन्डर खडा गरे र कुकर्म गरे, सो इतिहासबारे यहाँ उल्लेख गरिएको छ। इतिहास शिरोमणि बाबुराम आचार्यका त्रिपुरादेवीमाथिको इतिहास राजा महेन्द्रद्वारा सखाप पारिए भने हिसीला यमीका बुवा धर्मरत्न यमी तथा शाहथरका लेखकको **कान्तिमती** उपन्यास पढ्दापनि तलका कुराहरू प्रमाणित हुन्छन्।

प्रथम पहाडी (कु)तर्क तिरहुते वाहुणी 'कान्तिवती/कान्तिमती' नाममा हो भने दोस्रो, उनी काठमाडौंको पशुपतिमा दर्शन गर्न आएको बेला विवाहको प्रसंग हो। राजदरवारमा राजा विरेन्द्रकी छोरी श्रुतीको विवाहको बेलासम्म केटासमेतको नाम इन्गेजमेन्टको बेलासम्म बदलिन्थ्यो भने भित्र्याइने केटीको थरको त कुरै छोडौं। तसर्थ, विधुवा तिरहुते वाहुणीको **नाम कान्तिवती नभई त्रिपुरादेवी** हो। उनको थातथलो र पहिचानलाई दरबारीया षड्यन्त्रमा ध्वस्त पारिएको थियो। ज्ञवालीजीकै लेखमा नै अर्को प्रसंगमा तिरहुते राजा हरिसिंहदेवकी रानी देवलदेवी र छोरा जगत्सिंह स्वयँ उपत्यकाको मल्लराजा कहाँ शरणमा आए उल्लेख भएकोमा उनै देवलदेवी **शरणार्थी**ले रूद्र मल्लकी छोरी नायकदेवीको विवाह उपत्यकाका मल्लहरूको सट्टा काशीको राजवंशका हरिचन्द्रदेवसँग (गोपालराजवंशी ४६ पत्र) कसरी गराईन् ? एउटी शरणार्थीको दरबारसंग कनफ्लिक्ट् लिने ताकत कहाँबाट आयो ? त्यहीं रूद्र मल्लले राजा हरिसिंह देवको मृत्यु पश्चात् उनका भाईभारदारहरूलाई बाटामै काटे तर किन 'शत्रु' हरिसिंहदेवका पत्नि देवलदेवी र राजकुमार जगत्सिंहलाई जिवितै छोडे ? वास्तवमा देवलदेवी पहाडी इतिहासकारले जे लेखेपनि हरिसिंहदेवको मृत्युपश्चात् भक्तपुरकी रानीनै बनिन् जसको ताकतमा उनले नायकदेवीको विवाह भारतमा गराईन् !

यहि (कु)कर्म त्रिपुरादेवीसँग भयो किनकि आजपनि भारतमा सीतामढी, मुजफ्फरपुरको हावा, प्रकृति तथा मानिसको हरेक स्पन्दनमा त्रिपुरादेवीको नाम **त्रिपुरा आयरन स्टोर, त्रिपुरा स्टेशनरी** गरि आदिको नाममा पाइन्छ। त्यस्तै, को मूर्ख बुवा हुन्छ जो रणबहादुरको पालामा बसगाडी नभएको समयमा छोरीलाई लिएर पशुपतिको दर्शन गर्न र पापी यौनपिपासु रणबहादुरको नजर आफ्नी विधुवा छोरीमाथि पार्न काठमाडौं आउनेछ ?

सीमावर्ती जिल्ला मधुवनी (भारत)को मगरौनी, राँटी भन्ने गाउँका **नारायणदत्त मिश्र र पत्नि कुमशालनी**का कम्तिमा एक छोरा **ईश्वरीदत्त मिश्र र छोरीहरू त्रिपुरादेवीलगायत जम्मा पाँच सन्तान** थिए। बालविवाहमा परि सातवर्षमै विधुवाभएकी त्रिपुरा रणबहादुरसँग विहेको बेला एघार वर्षकी थिईन्। माईतीतिर रणबहादुरको पहिलो विवाह त्रिपुराकी बहिनीसँग भएको र उनी बितेपछि राजा **पागलभएर** दोस्रो विवाह त्रिपुरासँग गरेको उल्लेख गर्छन्। कम्तिमा त्रिपुरामाथि राजा रणबहादुर शाहको नजर भारतको हाल झारखंडको वैजनाथधाम (बाबाधाम) सैनिक टुक्रिसँगै जाँदा राती बास बसेको ठाउँमा भोलीपल्ट गाउँका केटी/महिलाहरू नदीको पानी भर्न आउँदा परेको थियो। कामवासनाको रोगी रणबहादुरले त्रिपुराको आमाबुवा तथा ग्रामका पञ्चहरूसँग बस्दा **राजा के लिए सबकुछ ठीक होता है, कुछ अनुचीत नहिं होता है**को ढिपीमा त्रिपुराको **जेठो छोरो नेपालको राजा बन्ने तथा उनकी बाँकी बहिनीहरूको विवाह गराईदिने** गरी २ टा शर्तमा विवाह गरे। सोही अनुसार रणबहादुरका त्रिपुरादेवीको कोखबाट जन्मेका छोरा **गीर्वाणयुद्ध** आफू **क्रस**का सन्तान रहेकाले नाममा पहिले कहिल्यै चलनमा नरहेको शब्द **'विक्रम'** थपेर हुर्के, राजापनि भए। पछि गीर्वाणयुद्धले दुईटा सानीआमाहरूलाई नेपालकै दरबारमा बोलाई राजपुरोहीतलाई मैथिल दुलहा सभा (सौराठको जस्तो मेला) लगाईकन **घरबाट आएकी अविवाहीत कन्याहरू घरमा नफर्के पछि बुबाआमाको के पाप र दोष अनि उनीहरूको विहे हुने कि नहुने** भन्ने प्रश्न सोध्दा **दोष केहीपनि होइन र कन्याहरू पवित्र भए विहे हुने** जवाफ पाए। पश्चात् राजा गीर्वाणयुद्धले नेपालको जलेश्वर नजिक भारतको **दुर्गास्थान (दामोदरपुर)** विहारका दाजुभाई **भोलानाथ झा र शम्भूनाथ झा**सँग सानीआमाहरूको विवाह दाईजोसहित धुमधामले गरिदिए। यी झाका अन्य २ दाई/भाईहरू महेशनाथ झा नागौली भारतमै बसे भने केदारनाथ झा दामोदरपुरबाट नेपालको जनकपुर नजिक देवपुरामा आएर बसे। दाईंजो स्वरूप जनकपुरनेर विन्ही/बिन्धी विर्ता, महोत्तरीको पडौल, बाराको लौतनमा आठबिघे पोखरी तथा जमीन, काठमाडौंस्थित गोकर्ण महादेवको मन्दिर तथा पूजारीको पद, हाल त्रिभुवन विश्वविद्यालय रहेको सम्पूर्ण जमिन, त्रिपुरादेवीको नाममा रहेको काठमाडौं, त्रिपुरेश्वरको आँखा अस्पताललगायतका जग्गाहरू दिए। पछि शम्भूनाथ झा परलोक गए भने भोलानाथ झाका छोराहरू बद्मास निस्के जसबाट **राणाहरूले हालको त्रिविको जग्गा खोसे**। गीर्वाणयुद्धले त हजूरआमाको निशानीको लागि हनुमानढोका दरबारको अगाडी **कुमशालनीभवन** नै बनाएका थिए जसलाई **राजा महेन्द्रले** मधेशीको इतिहास हो भनी भूमीसुधार लागूगर्दा ती सबै जग्गाहरू हदबन्दी गर्दै खोस्दै कुमशालनीभवन **भत्काउन** लगाए। उनका पुत्र पूर्वराजा ज्ञानेन्द्र त जिवितै छन्, पशुपतिनाथको मन्दिरमा गएर सत्यतथ्य बोल्दा र दरबारमा मौजूदा त्रिपुरादेवीकी थातथलोका कागजातहरू निकाल्दा हुन्छ ! विसं २०१९ सालमा लौतनको आठबिघे पोखरी समथर खेतमा परिणत भई राज्यले हदबन्दी गर्न लाग्दा विरगञ्जका हुलाक कर्मचारी स्व. विजय कर्णले राजाकहाँ विशेषपोकामा हालेर राजा गीर्वाणयुद्धले सो बेला **पञ्जाछाप** लगाएर दाईजो दिएकाको प्रमाण **आफैं त्यहाँस्थित मन्दिरको पूजागर्न पाउँ** निवेदनसँगै पठाउँदा राजा महेन्द्रले **सर्वोच्च अदालतलाई लौतनको जमिनको फैसला झाको पक्षमा फैसला गर्नु** भनी पठाएको थिए।

ती पुराना झाहरू आज काठमाडौंमा अनेक थरसँग विहे गरेका छन् भने मधेशमा पनि यत्रतत्र छन्। ज्ञानेन्द्रले नारायणहिटी दरबार छोड्दा उनका बडीगार्ड सैनिकमध्ये एकजना **सञ्जय झा** थिए जो उनै विश्वासी तिरहुते त्रिपुरादेवीकी रगत हुन्। सो वंशजका लौतन (बारा) जिल्ला निवासी प्रहरीमा कार्यरत्त **चण्डिप्रकाश झा उर्फ बच्नु झा**का कान्छो **छोरो चन्द्रदेव झा उर्फ छोटु झा** ठिक राजा महेन्द्रको अनुहारका छन् ! जनकपुरको बिन्धीमा गीर्वाणयुद्धका सानीआमापट्टीका अन्य नातेदारहरू जयनन्दन झा (वृद्ध तथा बहिरोमा परिणत), स्व. रघुनन्दन झा, परशुराम झाहरू छन्। ओम कुमार झा (अवकाशप्राप्त मलंगवा माध्यमिक विद्यालयका नेपाली विषयका शिक्षक) विन्हीकै हुन्। शिक्षक ओमका छोराहरू विजय झालगायत ३ जनाको कुपण्डोल सानेपास्थित घरहरू छन् भने शायद यी मध्ये विजय नै रघुनाथ ठाकुर 'मधेशी'को हत्या राजा महेन्द्रले राजनीतिक कारणले भारतमा गराएपछि उनकी छोरीसँग विहे गरेका छन् भने सुन्धारा पीपलबोटनेर विजयको बिजुलीको ठूलो पसल छ।

शिक्षक ओम विसं. २०२३ सालमा राजा महेन्द्रको आतिथ्यमा चितवनमा कवि सम्मेलन हुँदा राजाले ओमको कविता पुनःपुनः सुने। पछि त्यहीं उपस्थित कवि बालकृष्ण समले राजाभएको ठाउँमा शिक्षक ओमलाई लगेर **ओम त्रिपुरादेवीको रगत भएकोले कविता धेरै चोटी सरकारबाट श्रवण गरिबक्सेको हो** भनेर परिचय गराए र महेन्द्र भावुक भए। एकचोटी स्वयँ राजा त्रिभुवन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालालाई लिएर जनकपुरको बिन्धीमा सातपुस्ते मावलीमानेर गए। राजा त्रिभुवनको बिन्धीमा र महेन्द्रसँग ओमको चितवनको दुईटै भेंटमा **तपाईंहरू नारायणहिटीमा आउनुस् र के चाहियो** भन्दा **हामी भाञ्जा/ज्वाईंलाई दिन्छौं तर केही लिन्नौं** भनेर जवाफ फर्काए। यस जवाफमा ओमले कवि समबाट चितवनमा पछि खानेबेलामा गाली र मायाको लात्तीपनि खाए, यो भनेर कि **राजाले के गरिदिउँ तपाईंहरूलाई सोध्दा कम्तिमा आफ्नो क्षेत्रमा रोड, कलकारखानाको स्थापना र विकासको कुरो माग्नु पर्थ्यो नि !** यी सबै हाल जिवितै छन्।

**गोर्खाल्याण्ड बनाम् एकमधेश-प्रदेशको संघर्ष**

आजकाल मधेशविरोधी तथा समग्र नेपालको नक्साका केही अनिच्छुक पहाडीहरूको मोबाईलमा जतातत्तै गोर्खाल्याण्डमा भईरहेको नाराबाजी तथा पुत्लादहनको सीनहरू हेर्न पाईन्छन्। नेपालका वास्तविक रामायणकाल, गोपाल/महिषपाल (अभिर वा अहिर), मल्लकाल, शाहवंश, राणाकाल तथा हालका यति प्रमाणहरू रहेको मधेशीहरू नेपालमा २०७२ सालमा संविधान घोषणा हुँदा वा मधेशीको अधिकारको लागि जनावरजस्तो मारिईरहँदा यहाँका मधेशवरोधी पहाडीलाई सरकारी अत्याचारको सिन डाउनलोड गर्न आउँदैन ! जबकि गोर्खाल्याण्डका मागकर्तालाई उक्साहटमा बीबीसीमा पत्रकारले **तपाईंहरू नेपालमा मिसिने हो सोध्दापनि हामी गरिब/भीखमंगा तथा भ्रष्ट अविकसित नेपालमा मिसिन चाहँदैनौं भन्छन्**।

गोर्खाल्याण्डको आफ्नो सन्दर्भ होला। हामी अरूको देशमा सत्यतथ्य नबुझी र प्रसंग नआए बोल्ने गर्नु हुँदैन नत्र भारतलाई केही नहुनपनि सक्छ तर नेपालको सीमारेखा सहीसलामत नरह्न सक्छ ! यस्तो गल्ति हामी जनस्तर, सरकार, पार्टी, सेना कतैबाट नगरौं। हाल केही मूर्खहरूले नेपालमा गोर्खाल्याण्डबारे अप्रासांगीक लेखहरू पहडीया फेवरमा लेखिरहँदा मैंले सावधानी अपनाउन यहाँ उल्लेख गर्दैछु। त्यहाँ केन्द्रीय बीजेपीको मोदी सरकार तथा राज्यको तृणमूल काँग्रेसको ममता बनर्जीको सरकारको टसल हो। ममता सरकारले **बंगाली भाषा अनिवार्य लादेकै हो** जसलाई स्वयँ केन्द्र सरकार साजिश, भडकाउ निम्त्याउने तथा नेपाली भाषालाई भारतमा संवैधानिक मान्यता दिईसक्केको सन्दर्भमा साईड पार्दा कसरी अंग्रेजी हावी भएर भारतलाई संस्कृति जोगाउन, व्यापारमा घाटा हुने हो भनेर विरोध गरिरहेका छन्।

**ग्रेटर नेपाल**का अभियन्ताहरू हाम्रै क्याम्पसका फनिन्द्र नेपाल (कहिल्यै धोखाले पनि क्लास नलिने), निर्देशक मनोज पण्डित, सिमाविद् बुद्धिनारायण श्रेष्ठहरूबाट (कु)तर्क २०६४ सालमै क्याम्पसको टीटी हलमा डकुमेन्ट्री देखाउँदै मधेश तथा महन्त ठाकुर, देवेन्द्र मिश्रलगायतका मधेशी नेताहरू विरूद्ध विद्यार्थीलाई उचाल्दै गोर्खाल्याण्डको आन्दोलन हामीले भारतमा उराल्न सक्यौं भने भोली त्यो हाम्रो हुनेछ, ठिक त्यसैगरि जसरी हङ्गकङ्ग चीनमा सयवर्षपछि बेलायतबाट आयो भन्ने हो। मैंले 'चीन/बेलायतबीच सयवर्ष अघिको सम्झौतामार्फत् हङ्गकङ्ग आएछ। नेपाल/भारतबीच त्यस्तो सम्झौता छ ? फेरी, भारत/नेपाल सीमामा ८ ठाउँमा क्यामेरा घुमाएर ७ जना पहाडीलाई भारतविरूद्ध उचाल्नुभएकोमा केवल १ जना नवलपरासीको मुसलमानलाई सोध्दा उनले भन्छन् कि मलाई नेपालमै गर्व छ भन्छ भने कसरी मधेशी/मुसलमानमा नेपाली राष्ट्रियता पहाडीभन्दा कम छ ? डकुमेन्ट्रीमा कतै मधेशी नेताबारे नकारात्मक सीन वा टिप्पणी छैन तर कार्यक्रम सकेपछि मुखले किन मधेशीनेताविरूद्ध विद्यार्थी उचालेको ?' जस्ता कुरा उठाउँदा **ममाथि झण्डै २ चोटी खुकुरी प्रहार**को प्रयास भयो।

नेपालको **मधेश एक प्रदेश** मधेशी विरासत, इतिहास, हक, अधिकार, आन, मान, सम्मान, पहिचान, बराबरी आदि को हो। यसको तुलना गोर्खाल्याण्डसँग गर्ने जो कोहीपनि नेपालको सीमारेखा बरकरार नराख्ने दुश्मन तत्व र परराष्ट्रनीति नबुझ्ने अनुशासनहीन नेपाली नागरिकको होला। मधेशी डा. सीके राउत वा जयकृष्ण गोइत, ज्वाला सिंहबाहेकले नेपाल बाहिर जाने आन्दोलन गरेका छैनन्। पछि राज्यले पेल्दै गयो भने असम्भव केही छैन। हो, केही समानता भने छन्, यी दुईटै पुराना संघर्षहरू छन्। मधेशीको आन्दोलनलाई गोर्खाल्याण्डसंग जोड्ने **नेपाली बहादुर**ले भारतलाई मधेशीसँग जोडेर गलाउन सक्दैनन् अपितु, मधेशी समस्या समाधान गर्नबाट तर्केको भोली प्रमाणित भई ठूलो मूल्य चुकाउनुपर्नेछ।

'सेनाले डा. राउतसँग राजपाका नेताहरू बसे, संगै सेनाले नेपाल टुक्र्याउने अजेन्डामा राजापाले यति बुँदे सम्झौता गरेको निर्णय छ हामीसँग, सेनाले प्रधानमन्त्रीलाई ब्रिफिङ्ग गरे, प्रहरीले नेपालको सुरक्षागर्न सक्दैन त्यसैले अब सेनालाई सरकारले निर्वाचन क्षेत्रमा पठाउनुपर्छ' जस्ता (कु)तर्क र षड्यन्त्रहरूमा विश्वको मान्छेले अध्ययन गरिरहेका छन् कि नेपालको **मधेशीलाई आरोप लगाउने सेना, सरकार, पत्रकार, चर्चामा नियोजितरूपमा ल्याउने कथित् विद्वानहरू सबै पहाडी** छन्। विना प्रतिस्पर्धीको समाचार काउन्टर वा क्रस चेक कसरी गर्ने ? विना चेक सेनाको दावी किन र कसरी मान्ने ? सेनासँग निर्णयको फोटोकपी छ भने कसले दियो ? कहाँ गर्यो ? त्यो सेनाकै वेभसाईटद्वारा आमनेपालीको राष्ट्रियताको सवालमा किन त्यसलाई हु-बहु मीडीयामा ओनरशीपलिंदै छपाईंदैन ? वास्तवमा, यी सबै नौटंकी **एन्टी मधेशी शेरबहादुर देउवा**को सरकारले राजपाको निर्वाचन बिथोल्ने त्रासले र निर्वाचन गराईछाड्न र राजपालाई बाहिर राखेर मधेशीमत लिई मागमा कैंची लगाउनलाई **मधेशमा सेना परिचालन गर्ने उद्धेश्यले** गरेका हुन्।

**ओशोलाई सम्झँदा**

ओशोले भन्नु हुन्छ, संसारमा कुनै वस्तु पहाड, नदी, घर, सहर **केही स्थिर छैन, सबै चलायमान** छन्। आज पहाड भएको ठाउँमा ज्वालामुखी फाटेर चट्टानहरू बसोबासको ठाउँ बन्न सक्छ। त्यसैले **पहाड छ नभनीकन भईरहेको छ भन** भन्नु हुन्छ। **एक मधेश प्रदेश** मधेशीको बटमलाईन हो। सेना र देउवा सरकार जति षड्यन्त्र गरेपनि, पहाडी विद्वानले गोर्खाल्याण्डसँग जति तुलना गरेपनि मधेशी आन्दोलन तुहिने छैन। हो, आम नेपाली जनताले के बिर्सनुभएन भने २०५२ सालमा तत्कालीन जनमोर्चाका डा. बाबुराम भट्टराईसँग ४० बुँदे माँगमा यिनै प्रधानमन्त्री देउवाले सैनिक र बल प्रयोग गर्दा नेपालले दस वर्षे जनयुद्ध बेहोर्नु पऱ्यो। तर नेपाल जोगियो किनकि लडाईं पहाडी-पहाडी बीच थियो भने **हाल लडाईं शासक पहाडी र मधेशी बीच** हो। अंग्रेजीमा भनाई छ, 'राइट रिसिभ्ड् इज नौट् राइट ऱ्यादर राइट टेकन् प्रोपर्ली इज राइट।' अथार्त्, भीखमा दिइएको अधिकार अधिकार हुँदैन अपितु आफ्नो अधिकार चिनेर लडेर लिएको हुन्छ। हाम्रा राजपा वा जुन दलका मधेशी नेताले कहिल्यै त्रिविलगायतका पीएच्डी स्कलरहरूले विशुद्ध मधेश/मधेशमाथि डिजर्टेशन लेख्दा डा. राजेश झाको एडिटको बहानामा तेइस पटक रूवाईए जस्तै अन्यलाई किन रूवाएर पहडीया चाप्लुसी टौपिकमा फर्काउन लगाईन्छ ? नेताहरूले त्रुटीपूर्ण नेपालको इतिहास न्यू हिस्टोरिसिज्म्मा आधारित वैज्ञानिकढंगले लेख्न संसदमा वा पार्टी प्रशिक्षणमा उठाउन र विद्वत्वर्गको विश्वविद्यालयमा सताईने पीडा कहिल्यै बुझ्ने **कष्ट** गरेनन्। वास्तवमा एक नेताले डाइरेक्ट अधिकारको कुरा राज्यसंयन्त्र सामु राख्न सक्छ भने एकजना पीएची स्कलरले देशकै रूप बदल्न सक्छन् र मुद्दाको लागि रक्तबीजको काम गर्न सक्छन्। एक नेता बितेपनि जनताको रगतमा मुद्दाको बीज(छर्न सक्छन्। शायद यो नबुझेर वा मधेशीको माग चाँडै साँच्चिकै पूरा नहुनलाई नै हाम्रा मधेशवादी नेताले मधेशको साँचो माटोले बनेको विद्वतसँग संग तगर्न आजसम्म नचाहेको हो। हो, स्कलर राज्यले हाल अप्ठ्यारो पारेको जस्तो संकट निवारण गर्न सघाउन सक्छन् तर नेताहरूले चाहे जस्तो उसको चाकर वा चाप्लुस वा लेखनदास बन्न सक्दैनन्। (लेखक पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक हुन्)

# नेपाल-भारतसम्बन्ध अझै बलियो पार्नुपर्छ



राजकुमार सिन्धी

अध्यक्ष, नेपाल-भारत मैत्री संघ

हामीले विकासलाई मूल एजेण्डा बनाएर अघि बढ्नुपर्छ। भारतसँग सहकार्य गर्दै नेपालमा विकासको पथमा अगाडि बढ्नु आवश्यक छ। हामीले भारतबाट कति लाभ लिन सक्छौं, त्यसतर्फ ध्यान दिनुपर्छ। त्यस्तै, धार्मिक पर्यटन क्षेत्रमा पनि हामीले ध्यान दिनुपर्छ। किन भने नेपालका लागि धार्मिक पर्यटनको ठूलो बजार भारत हो। हामीले भारतीय पर्यटकलाई बढीभन्दा बढी नेपाल भित्र्याउन सक्यौं भने पनि नेपालको कायापलट हुनुसक्छ। यसका लागि सरकारले वातावरण बनाइदिनुपर्छ।

**० तपाई नेपाल-भारत मैत्री संघको अध्यक्षमा निर्वाचित हुनु भएको छ। संघलाई अघि बढाउन के कस्ता योजनाहरू ल्याउँदै हुनुहुन्छ ?**

– मेरो काँधमा ठूलो जिम्मेवारी आएको छ। साथै, म गौरब महसुस गरिरहेको छु। नेपाल र भारतबीच युगौंदेखिको सम्बन्ध छ। नेपाल र भारतबीच परापूर्वकालदेखिको मैत्रीलाई मजबुत बनाउनु नै यो संस्थाको उद्देश्य छ। यो संघको करिब ६२ वर्षअघि स्थापना भएको थियो।

**० नेपाल भारत मैत्री संघको प्रयासमा के-कस्ता उपलब्धि हासिल भएका छन् ?**

– हामीले विभिन्न जिल्लामा रहेका आफ्ना शाखामार्फत सीमाक्षेत्रमा भेलाहरू गराउँदै आएका छौं। दुवै देशका सामाजिक, राजनीतिकलगायत क्षेत्रका व्यक्तिहरूसँग अन्तर्क्रिया गर्दै आएका छौं। यसका साथै दुवै देशका जनताले भोग्दै आएका समस्या निराकरणमा हामीले भूमिका निर्वाह गर्दै आएका छौं। नेपालमा नेपाल भारत मैत्री संघ छ भने भारतमा भारत नेपाल मैत्री संघ छ। हामीले विभिन्न पर्वलगायतमा पनि हामीले कार्यक्रमहरू गर्दै आएका छौं। यस्ता कार्यक्रममा दुवै देशका जनताले आफ्ना विचार र भावना राख्ने गर्छन्।

**० नेपाल र भारतबीचको सम्बन्धमा कहिले काहीं समस्या आउने गर्छ। केही महिनाअघि नाकाबन्दीका कारण सम्बन्धमा कटुता देखिएको छ। यस्तो अवस्थामा तपाईंहरूले समस्या समाधानका लागि के कस्तो भूमिका निर्वाह गर्नुभएको थियो ?**

– हामीले काठमाडौं, पोखरालगायत क्षेत्रमा विभिन्न कार्यक्रम गर्‍यौं। हामीले दुवै देशका विशिष्ठ व्यक्तिहरूलाई बोलाएर समस्याको समाधानका लागि पहल गर्न आग्रह गरेका थियौं। यसका साथै दुवै देशमा हुने कुनै अप्ठ्यारालाई सौहाद्रपूर्ण तरिका कसरी हटाउन सकिन्छ त, यस विषयमा बेला-बेलामा कार्यक्रमहरू गर्दै आएका छौं। त्यसबेला हामीले गरेको प्रयासबाट धेरै सफलता पनि पाएका थियौं।

**० अहिले नेपाल र भारतको सम्बन्ध कस्तो पाउनुभएको छ ?**

– त्यसबेलाका कटुता बिर्सेर अगाडि बढ्नुपर्छ। हामीले विकासलाई मूल एजेण्डा बनाएर अघि बढ्नुपर्छ। भारतसँग सहकार्य गर्दै नेपालमा विकासको पथमा अगाडि बढ्नु आवश्यक छ। हामीले भारतबाट कति लाभ लिन सक्छौं, त्यसतर्फ ध्यान दिनुपर्छ। त्यस्तै, धार्मिक पर्यटन क्षेत्रमा पनि हामीले ध्यान दिनुपर्छ। किन भने नेपालका लागि धार्मिक पर्यटनको ठूलो बजार भारत हो। हामीले भारतीय पर्यटकलाई बढीभन्दा बढी नेपाल भित्र्याउन सक्यौं भने पनि नेपालको कायापलट हुनुसक्छ। यसका लागि सरकारले वातावरण बनाइदिनुपर्छ। नेपालका पर्यटकीय क्षेत्रमा कसरी पर्यटकलाई आकर्षित गर्न सकिन्छ, त्यसतर्फ ध्यान दिनुपर्छ। हामीले धार्मिक पर्यटनका लागि धेरै नै प्रयास गरिरहेका छौं।

**० पर्यटकलाई आकर्षित गर्न सरकारले गरिरहेको कामलाई कुन रूपमा हेर्नुभएको छ ?**

– सरकारी निकाय पर्यटन बोर्डले आफ्नो किसिमका काम गरिरहेको छ। नेपाल भारत मैत्री संघले पनि आफ्नो किसिमले पर्यटक भित्र्याउन अभियान चलाइरहेको छ। हामीले चेन्नई, दिल्ली, लखनऊलगायत विभिन्न ठाउँका पर्यटक भित्र्याउन हामीले नेपालका साथै भारतका पदाधिकारीसँग समन्वय गरिरहेका छौं।

**० नेपाल र भारतबीचको सम्बन्धमा बेला-बेलामा खटपट भइरहेको हुन्छ। यसको कारण के होला ?**

– नेपाल र भारतका जनताको सम्बन्धमा कुनै अप्ठ्यारा देखिएका छैनन्। सरकारबाट समन्वयको कमि चाहीं देखिन्छ। परराष्ट्र नीतिमा केही समस्याहरू देखिएका छन्। कहीं कतै कुनै विषयमा असमझदारी देखिँदा हामीले दुवै पक्षका बीचमा पुलको काम गर्दै आएका छौं। तर, यसका लागि नेपाल सरकारबाट अलि बढी रेस्पोन्स खोजिरहेका छौं।

**० नेपाल र भारतबीचको सम्बन्धमा समस्या आउन नदिनका लागि कसरी दुवै देश अघि बढ्नुपर्छ ?**

– जनस्तरमा सीमा क्षेत्रमा कहिले काहीं समस्याहरू भइरहन्छन्। तर, यस्ता कुरालाई तत्कालै निराकरण गर्न सक्छौं। त्यो ठूलो कुरो होइन। तर, सरकार र सरकारबीच असमझदारी हुने गरेको छ। हुन त यसमा हामीले अतिकति ध्यान दियौ भने सबै समस्याको समाधान हुन्छ। हामीले विभिन्न कार्यक्रममा भारत जाँदा र त्यहाँका नेताहरूलाई भेट्दा उनीहरूले नेपाल र भारतबीचको सम्बन्धमा गम्भीर समस्या रहेको भनेका छैनन्। उनीहरूले पनि स्वीकार गरेका छन् कि छिमेकी मुलुक हुँदा कहिले काहीं केही कुरामा समस्या आउन सक्छ। तर, ती समस्या तत्काल हल गर्नेतर्फ लाग्नुपर्छ।

**० नेपालमा हरेक कुराको प्रभाव भारतबाट पर्ने गरेको छ। तर, समृद्धि र विकासका लागि अग्रसर हुनुपर्ने कुराको प्रभाव किन नेपालमा पर्न सकेको छैन होला ?**

– यसको मुख्य कारण के हो भने हामीले सत्यतालाई स्वीकार गर्न सकेका छैनौं। हामीले भारत र चीनबाट ठूलो फाइदा लिन सक्छौं भन्ने कुरातर्फ ध्यान नै दिइरहेका छैनौं।

**० नेपाल र भारतबीच खुला सीमा छ। जसले गर्दा दुवै तर्फ अपराधिक क्रियाकलाप हुने गरेको छ। सीमालाई कसरी चुस्त पार्न सकिन्छ ?**

– केही समस्या छ। तर, अहिलेसम्म आइपुग्दा मलाई लाग्छ, सीमा क्षेत्रका समस्या निराकरण गर्न दुवै देशका जनता सक्षम छन्। सीमा क्षेत्रलाई चुस्त पार्न दुवै पक्षका सुरक्षा निकायले ध्यान दिनुपर्छ। सीमा क्षेत्रमा निगरानी बढाउनुपर्छ। अपराधिक गतिविधिलाई निरूत्साहित गर्दै लैजानुपर्छ।

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

नेपाल र भारतका जनताको सम्बन्धमा कुनै अप्ठ्यारा देखिएका छैनन्। सरकारबाट समन्वयको कमि चाहीं देखिन्छ। परराष्ट्र नीतिमा केही समस्याहरू देखिएका छन्। कहीं कतै कुनै विषयमा असमझदारी देखिँदा हामीले दुवै पक्षका बीचमा पुलको काम गर्दै आएका छौं। तर, यसका लागि नेपाल सरकारबाट अलि बढी रेस्पोन्स खोजिरहेका छौं।

# उपेन्द्र यादवको मौनता आरोपको पुष्टि हो

जेठ ७ गते रामा होटलमा गोप्य रूपमा उहाँले प्रधानमन्त्री शेरबहादुर देउवालाई भेट्नु भयो। प्रधानमन्त्रीसँग भेटेर निस्कदा सधैँ सन्चारकर्मीसँग साक्षात्कार गर्न लालायित रहने उपेन्द्र यादव सो दिन कुनै प्रतिक्रिया नदिइ जानुभयो। त्यसको भोलीपल्ट उहाँका भनाइहरू एकाएक परिवर्तन भयो। हिजोसम्म चुनाव वहिष्कार गर भनेर जनतालाई प्रशिक्षित गर्ने उहाँ रातारात निर्वाचनको पक्षमा जानुभयो। जनतालाई छाता र रेनकोट ओढेर भएपनि मतदान गर्न जानू भनेर किन भन्नुभयो ?



मनिष सुमन

नेता

राष्ट्रिय जनता पार्टी नेपाल

**० अहिलेको राजनीतिक अवस्थालाई तपाईंले कुन रूपमा लिनु भएछ ?**

– राजनीतिको शृङखलामा मधेश विरोधी संविधान जबरजस्ती जारी गरिरहँदा मेरा शाखाहरूलाई रगतले लतपताइएको थियो। जुन संविधानमाथि रगतका छिटाहरू छन् ती संविधानका बिरूद्ध हामीले निर्वाचन बहिस्कार गरेका हौं। संगठनका क्षमता र आधार देखेर कम बढी देखिएको होला। तर निर्वाचन सशस्त्रक्त रूपमा नै वहिष्कृत भएको हो। त्यस्ता निर्वाचनहरू देशमा कति पटक भए तर राष्टिय जनता पार्टी नेपाल मधेशको ढुकढुकी र एउटा प्यारो पार्टी हो। हामी बिना गराइएको यी निर्वाचनहरूको कुनै अर्थ छैन। हिजो पनि दलाई लामाका बहिष्कार पश्चात चीनको तिब्बतका विभिन्न भागमा निर्वाचन गराईएको थियो। ति निर्वाचनहरूको महत्व रहेन। बंगललादेशका प्रमुख प्रतिपक्ष पार्टीका बहिस्कारका पश्चात पनि निर्वाचन गराईएको थियो तर त्यसको पनि मान्याता रहेन। हिजो अस्ती मात्र हामीलाई थूनेर राजाकालमा शाही सताले पनि नगर निर्वाचन गराईएको थियो तर त्यसको पनि उम्मेदवारले कुर्सीमा बस्न पाएनन्। यस्तै मधेशलाई वाईपास गरेर संविधानमा लागिएका रगतहरू सफा नगर्दै गरिएका संविधान कार्यान्वयनको प्रयास असफल भयो र असफल रहनेछ। तसर्थ यो निर्वाचनको कुनै महत्व छैन।

**० स्पष्ट रूपमा भन्नु पर्दा तपाईंहरू आन्दोनमा हुनुहुनछ कि चुनावमा ?**

– हामी आन्दोलनमै छौँ।

**० तपाईहरू सरकारमा हुनुहुन्छ कि प्रतिपक्षमा ?**

– सरकारलाई मत दिए पनि हामी प्रतिपक्षी छौँ। हामी प्रतिपक्षीकै बेन्चमा बस्छौँ र सरकारलाई मत दिनु एउटा टर्म र कन्डिसनमा सरकार सँग तीन बुँदे सहमतिमा गरेका हौं उधारो होईन। सरकारलाई दिँदै आएका मत तथा समर्थन पनि फिर्ता लिन्छौँ तसर्थ प्रतिपक्षी हुँ।

**० समर्थन कहिलेसम्म फिर्ता लिनु हुन्छ ?**

– सरकारलाई दिँदै आएका समर्थन फिर्ता लिन विभिन्न कारणहरू छन्। हामीले सरकारलाई समर्थन दिँदा सरकारले संविधान संशोधन गर्छ भन्ने विश्वास थियो। स्थानीय तहको संख्या जनसांख्यिक हिसाबमा बढाउने, सहिद घोषणा गर्ने, क्षतिपुर्ति दिने जस्ता वचन तीनबँदे सहमतीमा गरेको हुनाले हामीले मतदान गरेका थियौं। र, ती सब लत्याएर सरकारले निर्वाचन तर्फ उन्मुख भएकाले सरकारलाई समर्थन दिइराख्नुको कुनै औचित्य छैन। हामी छिटै फिर्ता लिन्छौं।

**० यो भन्दा पहिला प्रचण्ड सरकारलाई समर्थन दिनुभएको थियो तर सरकारले तपाईंहरूको मागहरू पूरा भएन। यसरी समर्थन दिइरहँदा देउवा सरकारसँग के आशा गर्नभएछ ? मागहरू पूरा हुन्छ कि ?**

– संसदको एउटा जिम्मेवार राजनीतिक दल भएको हैसियतले संसदका गतिविधीहरूबाट हामीले विमुख रहन मिल्दैन। यो नैतिकताको आधार भयो। कानुनी आधारगत हिसाबले पनि हेर्नै हो भने संसदीय नियमावली र सर्वमानित सर्वोच्च अदालतको एउटा आदेश ती आधारमा संसदमा प्रतिनिधित्व गर्ने दलहरू प्रधानमन्त्रीको निर्वाचनमा तटस्थ बहिष्कार गर्न पाईन्न। तसर्थ हामीले पनि जिम्मेवारी बोधका साथ संसदीय कार्यमा सहभागी भएका हौँ। तपाईंले त भोट किन दिनु भयो भनेर प्रश्न गर्नुभयो। जहाँसम्म समर्थनको। कुरा छ, प्रचण्डजीको सरकारलाई यस्तै निर्वाचन तोकेकै कारण हामीले समर्थन फिर्ता लिएका थियौँ। देउवाजीको सरकारलाइ यस्तै जबरजस्ती निर्वाचन गराएकै कारण हामी समर्थन फिर्ता लिन बाध्य हुँदैछौं। जनतामा त्रास फैलाएर गराईएको यो नाटकीय निर्वाचन कस्तो होला ?

**० राजपा कार्यकार्ताहरूले पनि दबाब दिइरहेका छन कि तपाईहरू संसदमा किन बस्नु भएको छ, राजीनामा दिएर सडकमै आन्दोलन गर्नू भन्ने उनीहरूको माग हो। संसदबाट राजीनामा दिनुहुन्छ ?**

– त्यसका बारेमा पनि हामीले पनि सोचिरहेका छौँ। तर संसदमा रहुन्जेल संसदका गतिविधिमा सहभागी हुनु पर्दछ र हामी सहभागी भईरहेका छौँ। संसद परित्याग गर्ने जुन जनताको दबाब छ, त्यसको बारेमा पनि सोच्दै छौं। सरकारी दलले चालका जबरजस्ती कदमहरू विरूद्ध आज पनि हाम्रा कार्यकार्ताहरू रूष्ट छन्। सरकारसँगको नाता तोडेरै अब शसक्त रूपमा हामी जनतासँग हिड्नु पर्दछ भने ठम्याईमा हामी पनि भएको छ।

**० तपाईहरू निर्वाचनको विरूद्धमा हुनुहुन्छ तर तपाईंकै कार्यकर्ताहरू जिल्ला जिल्लामा दोस्रो तहको निर्वाचनमा स्वतन्त्र रूपमा उम्मेदवारी दिएका छन् नि?**

– जो जसले कथित निर्वाचनमा उम्मेदवारी दिए उनीहरू पार्टीको कार्यकर्ता होइनन, समर्थक पनि होइनन। त्यस्ता कार्यकर्तालाई जनताले निर्वाचनमार्फत नै कारवाही गर्नेछ। हाम्रा अध्यक्ष मण्डलको बैठक दूई/तीन दिन भित्रै हुदैंछ। सरकारसँगको नाता र त्यस्ता उम्मेदवार उभ्याउने पार्टीको नीति र सिद्धान्त विपरित जाने पार्टीकै नेताहरू माथि कारवाही गरिनेछ। पार्टीको नीति र सिद्धान्त विपरित जाने जो सुकैलाई कारवाही हुन्छ।

**० कस्तो कारवाही हुन्छ र कहिलेसम्म हुन्छ ?**

– पार्टीको विधानमा लेखिए अनुसार हामीले त्यस्ता उम्मेदवार र ती उम्मेदवारलाई उभ्याउने नेता र कार्यकर्तालाई कडा कारवाही हुन्छ। यसमा दुई मत छैन्।

**० दोस्रो चरणको निर्वाचन भई रहँदा राजपा नेपालको विरोध कार्यक्रम पितलो देखियो नि ?**

– हाम्रा कार्यकर्तालाई पनि प्रेसर कुकर पड्काउन आउँछ। तर हामी गजेन्द्र नारायण सिंहका अनुयायी भएकाले हामी अहिंसामा विश्वास गर्छौं। गजेन्द्र नारायण सिंहका अनुयायी हिंसात्मक गतिविधि गर्दैन। त्यसैले दोस्रो चरणको निर्वाचन भइरहदा हामी कुनै हिंसात्मक गतिविधि नगरेको हो। हामीले शान्तिपूर्ण माध्यमबाट निर्वाचन विथोलेका हौं। शान्तिपूर्ण रूपमा विरोध भएको छ। मधेशका थुप्रै मतदान केन्द्रहरूमा भोट खसाल्न कोही गएन। नवलपरासीमा पार्टीका वरिष्ट नेता हृदेश त्रिपाठीज्युको गाउँमा मत खसाल्न कोही गएनन्। त्यसैले उत्साहका साथ मतदान भएको भन्ने सरकारी पक्षको भनाइमा सत्यता छैन। निर्वाचन धोका हो र मधेशसँग नाता तोड्ने एउटा कडी हो।

**० उपेन्द्र यादवले पैसा लिएर निर्वाचनमा सहभागी हुनुभएको भनेर तपाईंको संगिन आरोप छ। यसलाई कसरी पुष्टि गर्नु हुन्छ ?**

– मैले पुष्टि गरेको छु र पुष्टि गर्ने प्रयास पनि गरेको छु। उपेन्द्र यादवमाथि लगाइएको आरोपको जवाफको अपेक्षा आम नेपाली जनताले गरेका छन्।

**० के प्रश्न गर्नु भएको छ ?**

– जेठ ७ गते रामा होटलमा गोप्य रूपमा उहाँले प्रधानमन्त्री शेरबहादुर देउवालाई भेट्नु भयो। प्रधानमन्त्रीसँग भेटेर निस्कदा सधैँ सन्चारकर्मीसँग साक्षात्कार गर्न लालायित रहने उपेन्द्र यादव सो दिन कुनै प्रतिक्रिया नदिइ जानुभयो। त्यसको भोलीपल्ट उहाँका भनाइहरू एकाएक परिवर्तन भयो। हिजोसम्म चुनाव वहिष्कार गर भनेर जनतालाई प्रशिक्षित गर्ने उहाँ रातारात निर्वाचनको पक्षमा जानुभयो। जनतालाई छाता र रेनकोट ओढेर भएपनि मतदान गर्न जानू भनेर किन भन्नुभयो ? जुन सरकारलाई उहाँले संविधान संशोधन बिना मधेशमा निर्वाचन गराइस भने यस्तो हुन्छ उस्तो हुन्छ भनेर धुर्की दिनुहुन्थ्यो, त्यो अचानक कसरी सरकारको समर्थन गर्नुभयो। ७ गतेको त्यो घटनापश्चात उनका फेरिएका बोलीहरूको जवाफ आम नेपाली जनताले खोजेको छ। मैले प्रमाणहरू सबै राखेको छु। उहाँ भेटघाट गरेको, भेटघाट गरी ललुकेर हिँडेको, मुख छोपेर हिँडदाको फोटोहरू सार्वजनिक भईसकेका छन्। त्यही भएर सार्वजनिक गर्ने अब मेरो जरूरी रहेन। अब पालो उपेन्द्र यादवज्युको हो। मौनतालाई पनि स्वीकृति भनिन्छ। उहाँको मौनता नै उहाँ माथि लागेको आरोपको स्वीकृति र पुष्टि हो।

*(मधेशवाणीका लागि विजय यादवले गरेको कुराकानीको सम्पादित अंश)*

सरकारलाई मत दिए पनि हामी प्रतिपक्षी छौँ। हामी प्रतिपक्षीकै बेन्चमा बस्छौँ र सरकारलाई मत दिनु एउटा टर्म र कन्डिसनमा सरकार सँग तीन बुँदे सहमतिमा गरेका हौं उधारो होईन। सरकारलाई दिँदै आएका मत तथा समर्थन पनि फिर्ता लिन्छौँ, तसर्थ हामी प्रतिपक्षी हौं।

# खडेरी र जलवायु परिवर्तन



हेम चन्द्र महतो

लामो समय पानी नपर्नु नै खडेरी हो। खडेरी को अर्थ सुख्खा हुनु हो। खडेरी एउटा प्राकृतिक घटना हो, जुन मौसम र उच्च चाप प्रणलिसँग सम्बन्धित छ। खडेरी विस्तारै प्राकृतिक प्रकोप बन्दै गएको छ। बैज्ञानिकहरूको भनाई बमोजिम मौसम विज्ञान अनुसार वर्षा हुने स्थान र सुख्खा समयमा पानी परेन भने त्यसलाई मौसमी खडेरी भनिन्छ। जल विज्ञान अनुसार खडेरी पृथ्वीको सतह र उपसतहमा पानीको आपूर्तिमा कमीलाई जनाउदछ। ताल तलैया, भूमीगत पानी लगायतको सतहमा कमीका आधारमा यसको आँकलन गरिन्छ। कृषि खडेरी कुनै निश्चित ठाँउमा खास अनाजका लागि माटोमा हुने चिस्यानमा आधारित हुन्छ। खडेरीलाई जुनसुकै नाम दिए पनि यो जलचक्रलाई प्रभावित पार्ने कारक तत्व हो। जलचक्रका कारण पारिस्थितिक पद्धति प्रभावित हुन्छ। यसले जल र स्थलमा अनेकौ समस्या निमत्याउछ। विशेषज्ञहरूको अनुसार जलवायु परिवर्तन नै खडेरीको प्रमुख कारण हुन्। वन विनाश, विश्वव्यापी तापक्रममा वृद्धि, अत्यधिक हरित ग्याँस उत्सर्जन आदी जलवायु परिवर्तनका कारणहरू हुन। नेपालको जनसंख्या विश्व जनसंख्याको ०.४ प्रतिशत भन्दा कम छ। तर नेपालले विश्व उत्सर्जनको ०.०२५ प्रतिशत मात्र हरितगृह ग्याँस उत्सर्जन गर्छ तर पनि नेपालको तापक्रम वार्षिक ०.०५६ डिग्री सेल्सियस दरले वृद्धि भईरहेको अनुमान गरिएको छ। जलवायु परिवर्तनका कारण नेपालमा अनावृष्टि, अतिवृष्टि, समयमा पानी नपर्ने, वर्षाका दर र गतिमा परिवर्तन, पानी पर्ने दिनमा कमी आदी घटनाहरू कुनै नौलो होइन। अनावृष्टिलाई नै खडेरी भन्ने गरिन्छ। खडेरीले गर्दा कृषि उत्पादनमा कमि, खानेपानीको हाहाकार, जैविक विविधतामा ह्रास आदी असरहरू नेपालका देखा परेका छन्। जसले गर्दा देशको आर्थिक अवस्था खस्किनु मात्रै नभई देशका प्रति व्यक्ति आयमा गिरावट, कुल ग्राहस्थ उत्पादनमा समेत कमि आउने गर्दछ।

> नेपाल जलवायु परिवर्तनको असरका हिसाबले जोखिमयुक्त देश भएको हुनाले खडेरी नेपालको लागि अतिनै संवेदनशिल विषय बन्दै गएको छ। कृषिमा आधारीत जिविकोपार्जन, प्रकोपको पूर्व सूचना प्रणालीको अभाव, कमजोर आर्थिक स्थिती, सरकारको अस्थिरता, कमजोर वा अपर्याप्त पूर्वाधार आदी कारणले नेपाल अति नै जोखिममा परेको देश हो।

जलवायु परिवर्तनका कारण नै खडेरी हुने कुरामा हामी दुईमत छैनौ। जलवायु परिवर्तन एउटा प्राकृतिक घटना हो। यो निरन्तर परिवर्तन भईराख्ने चक्र हो। यसलाई हामी रोकेर राकिन्न। परिवर्तन संसारको नियम हो। परिवर्तन अनुसार हामीले जिउन सक्नु पर्दछ। जलवायु परिवर्तनको असरलाई न्युनीकरण गर्न ज्यादै खर्चिलो, समय बढी लाग्ने, बढी साधन स्रोचको आवश्यक्ता हुन्छ। जुन हाम्रो जस्तो विकासोन्मुख गरीव देश नेपालले धान्न सक्दैन। जलवायु परिवर्तनबाट सिर्जित प्रकोप हो खडेरी। यसबाट बढी मार गरिब, किसान, महिला आदी वर्गमा पर्दछन। नेपाल जलवायु परिवर्तनको असरका हिसाबले जोखिमयुक्त देश भएको हुनाले खडेरी नेपालको लागि अतिनै संवेदनशिल विषय बन्दै गएको छ। कृषिमा आधारीत जिविकोपार्जन, प्रकोपको पूर्व सूचना प्रणालीको अभाव, कमजोर आर्थिक स्थिती, सरकारको अस्थिरता, कमजोर वा अपर्याप्त पूर्वाधार आदी कारणले नेपाल अति नै जोखिममा परेको देश हो। त्यसकारण खडेरीबाट बच्न जलवायु परिवर्तन न्यूनीकरण गर्नुभन्दा सोको पर्ने असरबाट अनुकुलन हुन जरूरी छ। अनुकुलन स्थानिय स्तरमै गरिन्छ। अनुकुलन कार्यक्रम अत्यन्तै फाइलाजनक, किफायती, जनउपयोगि हुन्छ। यसले सकारात्मक असरलाई वढावा गर्दछ भने नकारात्मक असरलाई न्यूनीकरण गर्दछ। अनुकुलन कार्यक्रमहरू तिव्र गतिमा प्रभाव पार्ने गर्दछ। यस्ले स्थानिय समस्याको सम्बोधन गर्ने गर्दछ। अनुकुलन हुनु एउटा कला हो यो आफुलाई परिवर्तित समय अनुसार बाँच्न सिकाउछ, समस्या समाधान गर्न, प्रकोप विरूद्ध लडन तयार गराउछ। अन्तमा, नखाई बाँचन सकिदैन। त्यसकारण हामीले खडेरीबाट लडनै पर्दछ। कृषिप्रधान देश साख बचाउनै पर्दछ। कृषियोग्य जमिनहरू बाँझो हुनुबाट बचाउन खडेरीबाट सिर्जित समस्याहरूको समाधान गर्न अनुकुलन कार्ययोजना अनुसार अगाढी बढनु आजको आवश्यक्ता हो। **पानी मुहान सुक्ने प्रकोप** बाट अनुकुलन हुन विभिन्न क्रियाकलापहरू जस्तै : वृक्षारोपण गर्ने, जोगाउने, हुर्काउने, वढ्दो तापक्रम सहन सक्ने वोटविरूवा तथा वाली नालीहरूको नश्ल तयार गरी खेती गर्ने, कृषिवन लगाउने, पानीको मुहान संरक्षण ( इन्टेक,टंकी तथा पाइप लाइन व्यावस्थापन) गर्नु आवश्यक देखिन्छ भने **कृषि उत्पादनमा/माटोको उर्वराशक्तिमा ह्रास** जस्ता प्रकोप बाट अनुकुलन हुन सिचाई पोखरी निमार्ण, प्लाष्टिक पोखरी मर्मत, प्लाष्टिक पोखरी मर्मत, आकासे पानी संकलन, उन्नत जातका विउविजन खरिद, गोठेमल सुधार, गोठ सुधार( भकारो सुधार), कम्पोष्ट मल, पशु मुत्र संकलन, स्प्रे टंकी खरिद, अगुवा कृषक विकास, कृषक पाठशाला इत्यादी क्रियाकलापहरू संचालन गर्न जरूरी देखिन्छ। **सिचाइमा असर(खडेरी)** बाट बच्न सिचाई पोखरी निर्माण, सिचाई कुलो निर्माण आकासे पानी संकलन गर्ने जस्ता क्रियाकलापहरू गर्न जोड दिनुपर्ने देखिन्छ।

यसरी खडेरीबाट सिर्जित विभिन्न प्रकोप र विभिन्न प्रकोपहरूबाट उत्पन्न विभिन्न समस्याहरूबाट बच्नका लागि हामी जस्तो गरिव देशका जनताहरू अनुकुलनका लागि क्षमता अभिवृद्धि गर्दै अनुकुलन कार्ययोजनाहरू संचालन गर्न अपरिहार्य देखिन्छ। तब मात्र हामी र हाम्रो देशको सामाजिक, आर्थिक विकास सम्भव छ।

*(स.वन अधिकृत, वन विभाग, काठमाण्डौ, हाल: स्नातकोत्तर (वन विज्ञान), कृ.त.व.वि.वि., हेटौडा)*

# अपरिपक्क...

आफूले जे भने पनि मधेशी जनताले आफ्नो कुरा मात्र पत्याउने र आफूलाई नै साथ दिने घमण्डमा छ उपेन्द्र यादव ? मधेशमा पनि निर्वाचन हुनु पर्दछ। मधेश समस्याको पनि समाधान हुनैपर्छ। मधेश मुद्दा सम्बोधन गराउने दायित्व फोरमको पनि हो। उपेन्द्र यादवले विर्सनु हुँदैन।

असोज २ अगाडि राजपाको माग सम्बोधन भएन भने फेरि निर्वाचन सार्ने कि के गर्ने स्पष्टता राजपा नेतृत्वमा देखिएको छैन। न त माग पुरा गराई छाड्ने मार्ग नै उसँग छ। फेरि यस विषयमा राजपाको नेतृत्वमै केही हदसम्म विवाद रहेको छ। मुद्दाको नेतृत्वकर्ता नै अल्मलिएपछि मुद्दाले निकास पाउन अलि कठिन नै हुन्छ। माग पनि सम्बोधन नहुने र निर्वाचन सारेको सारै गरेर २ नं. प्रदेशलाई झन पछाडि पार्नु हुँदैन। राजपाको नेतृत्वले आफ्ना माग पुरा गराई निर्वाचनको वातावरण वनाएर आफ्नो परिपक्कता देखाउन सक्नु पर्छ।

संविधान संशोधनको लागि संसदको गणित नै निर्णायक हुन्छ। मधेशकेन्द्रित दलहरू संशोधनको लागि आवश्यक गणितको ख्यालै नगरी जहिले पनि प्रधानमन्त्रीको मतदानमा सहभागी हुने गर्दछ। मधेश केन्द्रित दलहरू प्रधानमन्त्रीमा जिताउन आवश्यक साधारण वहुमत पुऱ्याउँदै आएका छन। तर संशोधनका लागि आवश्यक दुई तिहाई बहुमत कुनै प्रधानमन्त्रीले पुऱ्याउन सकेको छैन। यस्तो अवस्थामा किन दुई तिहाई पुऱ्याउन नसक्ने प्रधानमन्त्रीलाई मतदान गर्न पुग्छ मधेश केन्द्रित दलहरू ? दुई तिहाई पऱ्याएर आफ्नो माग संवोधन गर्न सक्ने प्रधानमन्त्रीलाई मात्र मतदान गर्ने निर्णय लिन सक्नु पर्थ्यो मधेश केन्द्रित दलहरूले। सहमति गर्ने तर सहमति पुरा नहुने नाटकको निरन्तरता भङ्ग गर्नु पर्छ मधेश केन्द्रित दलहरूले।

आन्दोलनमा जाने निर्णय लिने नेतृत्वले आन्दोलन सफल वनाउने जिम्मेवारी पनि लिनु पर्छ। विफल हुने गरी आन्दोलनमा जानु नेतृत्वको अपरिपक्क निर्णय वाहेक केहि हुन सक्दैन। आन्दोलनलाई सफल वनाउन नसक्ने नेतृत्वले नेतृत्ववाट पछि हट्न पछि पर्नु हुँदैन। यी नियमहरू मधेशमा लागु हुँदैन। मधेशको आन्दोलनमा सहादत प्राप्त गर्ने, घाइते हुने, अपाङ्ग हुने र क्षतिको कुनै सिमा हुँदैन तर उपलब्धी नगनय मात्र हुन्छ। पहिलो मधेश आन्दोलनको तुलनामा दोस्रो मधेश आन्दोलन निकै उपलब्धीका साथ सम्पन्न भयो। यसले हात पार्न वाँकी रहेको सफलता संविधान सभावाट हात पार्नु पर्ने थियो। तर विभाजन र आफ्नै विचका प्रतिस्पर्धाका कारण संविधान सभामा निकै कम उपस्थिति जनाउन सकेका मधेश केन्द्रित दलहरूले सफलता पार्न सकेन। अन्तत: मधेश केन्द्रित दलहरूका नेतृत्वले आन्दोलनमा जाने निर्णय लियो। २०७२ साल भाद्र ३१ गते तेस्रो मधेश आन्दोलनको श्रीगणेश भयो। तेस्रो मधेश आन्दोलनमा पनि क्षतिको सिमा रहेन न त अवधिकै सिमा रहयो। आन्दोलनले विभिन्न स्वरूप धारण गर्दै विना संवोधन आन्दोलन स्थगीत हुन पुग्यो। अहिले सम्म तेस्रो मधेश आन्दोलनको माग पुराहुन सकेको छैन। यहि आन्दोलनको माग संवोधन गर्नुपर्ने अडानका साथ राजपा निर्वाचनमा सहभागी नहुने अडानमा रहेको छ।

तेस्रो मधेश आन्दोलनको एक नेतृत्वकर्ता उपेन्दै यादव पनि हो। तेस्रो मधेश आन्दोलनको माग पुरा गराउनु पर्ने दायित्व। जिम्मेवारी उपेन्द्र यादवको पनि हो। आफुलाई संकट पर्दा एकजुट भएर मधेशलाई आन्दोलित गर्ने र स्वार्थ वाझिए पछि विभाजित हुने मधेश केन्द्रित दलहरूले आफ्नो साँघुरो सोच परिवर्तन गर्न सक्नु पर्छ। मधेशी जनताको भरपुर साथ र समर्थन पाएर पनि मधेशको माग पुरा गराउन नसक्ने मधेश केन्द्रित दलहरूका नेतृत्वले नेतृत्व छोड्नु पर्छ कि त मधेशको नाममा आफ्नो स्वार्थ पुर्ति गर्न छोडेर एक भई मधेश मुद्धालाई संवोधन गर्न सक्नु पर्छ। कहिले सम्म मधेशमा नरसंहार मचाउन सरकारलाई अवसर प्रदान गरी रहने ? मधेश केन्द्रित दलहरूको नेतृत्वले जवाफ दिन सक्नु पर्छ।

एउटै आधार क्षेत्र रहेको दलहरू विच पानी वारावारको स्थिति हुनु नौलो हौइन। त्यो पनि निर्वाचनको मुखमा तर एउटै मुद्धा वोकेका दलहरूको विचमा यहि खालको प्रतिस्पर्धा हुनु शुभ संकेत होइन। जवकी त्यहि क्षेत्रमा मुद्धा संवोधन गर्ने नखोज्ने शक्तिहरूको उपस्थिति पनि रहेको छ उनीहरू मधेशमा कमजोर पनि होइन।

एउटै मुद्धा वोक्ने तर प्रतिस्पर्धि वोकेर जाँदा प्रतिस्पर्धावाट फाइदा अरूलाई हुने निश्चित नै हो। समान मुद्धा वोक्ने शक्तिहरू एकतावद्ध भएर शक्ति संचय गर्न सक्नु मुद्धा स्थापित गराउने सजिलो वाटो हो। एउटै मुद्धा वोक्ने तर एक अर्का विच प्रतिस्पर्धा गरेर आफ्नो शक्तिसंचय गरी अरूलाई शक्तिशाली वनाउनु नेतृत्वको अपरिपक्कता वाहेक केहि हुन सक्दैन। मधेश केन्द्रित दलहरूको नेतृत्वको यहि अपरिपक्कताका कारण मधेश मुद्धाले सहज निकास पाउन सकिरहेको छैन। मधेश जहिले पनि आन्दोलन मै जानुपर्ने वाध्यतामा रहेको छ।

lkskeshariaaryan@gmail.com

# एमाले मधेश विरोधी होइन : माधव नेपाल

वीरगंज। नेकपा एमालेका वरिष्ठ नेता माधव कुमार नेपालले मधेशमा सबैभन्दा बढी विकास गर्ने पार्टी नेकपा एमाले रहेको दाबी गरेका छन्। नेकपा एमाले महानगर संगठन कमिटिले वीरगंजमा आयोजना गरेको मुस्लिम समुदायको महान पर्व ईद उल



फित्रको पावन उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रमलाई सम्बोधन गर्दै नेता नेपालले मधेशवादी दलहरूले नेकपा एमाले मधेश विरोधी पार्टी रहेको भन्दै प्रचार प्रसार गरिरहेको भए पनि यो कुनै जाति, समुदाय, वर्ग, क्षेत्र, लिङ्गको पार्टी नभई नेपाली जनताको पार्टी रहेको बताए। २०१५, २०४७, २०६२/०६३ मा परिवर्तनको लागि भएको आन्दोलनमा नेकपा एमालेको महत्वपूर्ण योगदान रहेको चर्चा गर्दै उनले पार्टी कसैको बिरोधी नभई इमान्दार, निष्पक्ष रूपमा नेपाली जनताको हितमा काम गर्दै आएको बताए। अपाङ्ग, दलित, एकल महिला, बृद्ध भत्ताको व्यवस्था, जनता आवास कार्यक्रम, निजगढमा बन्न लागेको अन्तर्राष्ट्रिय बिमानस्थल, फास्ट ट्र्याक लगायतका विभिन्न कामहरू एमालेकै सरकारमा सुरू भएको दाबी गरे। नेता नेपालले स्थानीय तहको चुनावबाट सिंहदरबारको अधिकार गाउँ, टोलमा पुग्ने बताए। दुई चार वर्षदेखि मधेशमा राजनीति गर्दै आएका मधेशवादी दलहरूले आफुलाई मधेशको मसिहा ठान्ने गरेको तर नेकपा एमाले दसकौं देखि मधेश, पहाड, हिमालको विकासमा अहोरात्र काम गर्दै आएको बताए। कार्यक्रममा नेकपा एमालेका नेता एवं नेशनल मेडिकल कलेजका एमडि बसरूदिन अंसारीले दुई नं. प्रदेशको निर्वाचनको मिति बढाएर सरकारले यस क्षेत्रका जनता माथि अन्याय गरेको बताउँदै चाडै भन्दा चाडै प्रदेश नं. २ को चुनाव गराउनु पर्नेमा बताए। पार्टीका नगर संयोजक उसमान अंसारीको सभापतित्वमा भएको कार्यक्रममा पोलिट व्युरो सदस्य नागेन्द्र चौधरी, सांसद् राजकुमार गुप्ता, बिचारी यादव, जयप्रकाश थारू, रामचन्द्र साह, पर्सा संयोजक प्रभु हजरा, त्यसैगरी नेताहरू विश्वम्भर शर्मा, नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष श्याम बञ्जारा लगायतकाले शुभकामना मनतव्य व्यक्त गरेका थिए। बृजलाल पासवानले संचालन गरेको कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी केशवराज घिमिरे, अञ्चल प्रहरी कार्यालय नारायणीका प्रहरी बरिष्ठ उपरिक्षक सुर्य प्रसाद उपाध्याय, प्रहरी उपरिक्षक गोबिन्द कुमार साह, युवा नेता इमरान हुसैन, मनोज चौधरी, पप्पु सिंह, गगनदेव पटेल, सचिवालय सदस्य सुदिप लामा लगायतको विशेष उपस्थिति रहेको थियो।

## मधेश अपडेट

### यातनाविरूद्ध कडा कानून बनाउन माग

विराटनगर। प्रहरी हिरासतभित्र दिने यातनाविरूद्ध कडा कानुन बनाउन तराई मानव अधिकार रक्षक सञ्जाल (थर्ड एलायन्स)ले नेपाल सरकारसँग माग गरेको छ। थर्ड एलायन्सका पूर्वाञ्चल क्षेत्रीय संयोजकले सोमबार एक विज्ञप्ति जारी गरी नेपाल सरकारसँग यस्तो माग गरेका हुन्। डिसेम्बर २००७ मा सर्वोच्च अदालतले एक निर्देशनात्मक आदेश जारी गर्दै भनेको छ, यातना विरूद्धको महासन्धि १९८४ लाई नेपालले अनुमोदन गरेको धेरै समय बितिसकेको छ र हालसम्म पनि यातनासम्बन्धी महासन्धिको अनुकुल हुनेगरी कुनै किसिमको कानुन बनेको छैन्। पीडकलाई दण्ड दिने सुनिश्चित गरी कानुन बनाउनु नेपालको अन्तरिम संबिधानको धारा २६ र ३३ (ड) अनुसार नेपालको संवैधानिक दायत्वि पनि हो। त्यसैले निवेदकले मागेबमोजिम यातनालाई अपराध मान्दै यातना दिने पीडकलाई दण्ड दिने कानुन बनाउन विपक्षीहरूको नाउमा अन्तरिम आदेश जारी हने ठहर्छ। परिणामस्वरूप दण्ड संहिताको मस्यौदा तथा यातनाविरूद्धको बिधेयक तयार भयो जसले आंशिक रूपमै भएपनि यस आदेशको पालना गरेको जस्तो देखिन्छ। तर हालसम्म यी दुवै मस्यौदाहरू कानुन बिनिसकेका छैन्न।

### कृषि सहकारीलाई ट्याक्टर प्रदान

झापा। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत धान सुपरजोन कार्यान्वयन एकाइ बनियानी झापाले कृषि सहकारीलाई टचाक्टर प्रदान गरेको छ। परियोजनाअन्तर्गत छ वटा कृषि सहकारीलाई नौ थान टचाक्टर प्रदान गरिएको हो। कृषि सहकारी संस्थाले सहुलियत दरमा किसानलाई सेवा प्रदान गर्नेछन्। साना किसान कृषि सहकारी संस्था पथरिया, नौलो भविष्य साना किसान कृषि सहकारी बालुबाडी र अमरावती कृषि सहकारी पथरियालाई दुई/दुई थान, साना किसान कृषि सहकारी संस्था बालुबाडी, आइपीएम कृषि सहकारी तोपगाछी र जामुनखाडी कृषि सहकारी संस्था कनकाईलाई एक/एक थान टचाक्टर प्रदान गरिएको हो। कृषि सहकारीको ५० प्रतिशत र सरकारको ५० प्रतिशत अनुदानमा उक्त टचाक्टर खरिद गरी वितरण गरिएको हो। धान सुपरजोनमा कृषि औजार खरिदका लागि सरकारले रू दुई करोड अनुदान उपलब्ध गराएको छ।

### सयौ जना फोरममा प्रवेश

वीरगंज। पर्सामा विभिन्न पार्टी परित्याग गरी सयौं जना नेता र कार्यकर्ता संघीय समाजवादी फोरम नेपालमा प्रवेश गरेका छन्। फोरम नेपालले पर्सा गढ़ी गाउँपालिकाको हरपुर वडा कमिटीले आयोजना गरेको पार्टी प्रबेश कार्यक्रममा नेकपा माओवादी (क्रान्तिकारी) जिल्ला सदस्य एवम् क्षेत्र न ३ का ईन्चार्ज पन्नालाल पटेल, जिल्ला सदस्य जोखुराम, राजपा बघबाना गाउँ कमिटीका अध्यक्ष बृजलाल पटेल, नेपाली काँग्रेस हरपुर गाउँ कमिटी सदस्य विजय दास, धनसुन्दर राउत, प्रफुल्ल देबी, रामरती मण्डल, पासपत पँजियार लगायत सयौं फोरम नेपालमा प्रवेश गरेका छन्। कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य पूर्व मन्त्री मोहन लाल चौधरीले मधेशी थारू, आदिवासी जनजाति, दलित, मुस्लिम लगायत शोषित उत्पीडित समुदायको रक्षा फोरम नेपाले मात्र गर्न सक्ने बताए।

### कपिलवस्तुमा ७५ प्रतिशत मतदान

मणि प्रसाद गैह्रे, कपिलवस्तु। कपिलवस्तुमा स्थानीय तहको निर्वाचनमा ७५ प्रतिशत मत खसेको स्थानीय अधिकारीहरूले बताएका छन्। राष्ट्रिय जनता पार्टी नेपालको विरोधको वावजुद जनताको मागअनुसार २० वर्षमा भएको निर्वाचनमा ७५ प्रतिशत मत खस्नु निकै राम्रो रहेको स्थानीय अधिकारकर्मी रविन्द्रनाथ ठाकुरले बताए। जिल्लामा ६ नगरपालिका र ४ गाउँपालिका गरी १० वटै स्थानीय तहमा शान्तिपूर्ण रूपमा मतदान कार्य सम्पन्न भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। राजपाका नेताहरूले निर्वाचनमा भाग नलिने भएतापनि मेयर तथा उप मेयरमा स्वतन्त्र र अन्य पदहरूमा बहुजन शक्तिको चुनाव चिन्ह जग लिएर निर्वाचनमा होमिएपछि कहिकतैबाट निर्वाचन विरूद्ध कार्य हुन सकेन। कपिलवस्तु नगरपालिकामा राजपाका नेता रामदास गुप्ता मेयर र उप मेयरमा बासदेव कसौधन स्वतन्त्र रूपमा निर्वाचनमा होमिए। त्यस्तै, अन्य नगरपालिका र गाउँपालिकामा समेत राजपाका तर्फबाट सबै पदमा मनोनयन गरी निर्वाचनमा सहभागी भए।

### धुमधामका साथ इद उल फित्र पर्व मनाइयो

जनकपुरधाम। इस्लाम धर्मावलम्बीको महान् पर्व इद उल फित्र देशभरि हर्षोल्लासमय वातावरणमा धुमधामका साथ मनाइएको छ। पवित्र महिना रमजानको एक महिनाको लामो रोजा (उपवास) राखेर चन्द्रमाको दर्शन गरेपछि सोमबार बिहानदेखि नै मुस्लिम धर्मावलम्बीहरू धार्मिक विधिपूर्वक उत्साहका साथ यो पर्व मनाउनमा जुटेका थिए। मुस्लिम धर्मावलम्बीहरू बिहानै स्नान गरी नयाँ बस्त्र धारण गरेर मस्जिदमा पुगेर नमाज अदा गरेका थिए। नमाज अदा गरेपछि आपसी वैमनस्यतालाई त्यागदै एकापसमा शुभकामना आदानप्रदान गरेका थिए। यसका साथै यो पर्व धुमधामका साथ मनाउनका लागि गरिबलाई दान दिने पनि गरिन्छ। यो पर्वका अवसरमा मुस्लिम धर्मावलम्बीले विभिन्न प्रकारका पकवानका साथै सेवईका खीर अनिवार्य रूपमा खाने गर्छन्। मुस्लिम समुदायका पुरूष बिहानै स्नान गरी पवित्र भएर मस्जिद तथा इदगाह पुगेर बिहान शुभसाइतमा इदको नमाज पढेसँगै एक महिना लामो रमजान व्रत समाप्त भएको हो।

### विप्लव र सीके राउतका कार्यकर्ता पक्राउ

झापा। स्थानीय तहको निर्वाचन विथोल्ने घोषणा गरेको विप्लव नेतृत्वको माओवादीका ५ कार्यकर्ता र मत बद्दर गर्न आह्वान गरेको डा.सीके राउत नेतृत्वको स्वतन्त्र मधेश गठबन्धनका एक कार्यकर्तालाई प्रहरीले नियन्त्रणमा लिएको छ। विप्लव माओवादीका नेकपाका मेची ब्युरो इन्चार्ज सुमन लिम्बू र सदस्य डिल्लीकुमार मैनाली, झापा जिल्ला इन्चार्ज उमेश अधिकारी, सेक्रेटरी तारा थापा र 'जनसरकार' प्रमुख सुमनसिंह पौडेल र सीके गठबन्धनका गौरीगन्ज-३ निवासी ४५ वर्षीया कौशिला महतोलाई प्रहरीले पक्राउ गरेको हो। उनीहरूले निर्वाचन विरोधी गतिविधि गरेकोले पक्राउ गरिएको प्रहरीले जनाएको छ।

### प्रभावशाली नेताहरू राजपामा प्रवेश

सप्तरी। कांग्रेस, एमाले, माओवादी र राप्रपा लगायत अन्यबाट पाँच सयभन्दा बढी नेता कार्यकर्ताहरू राष्ट्रिय जनता पार्टी नेपालमा प्रवेश गरेका छन्। शनिबार सप्तरीको मलेठमा आयोजित पार्टी प्रवेश तथा विरोधसभामा विभिन्न पार्टीका प्रभावशाली नेताहरू राजपा नेपालमा प्रवेश गरेका छन्। पार्टी प्रवेश तथा विरोधसभामा राजपा नेपालका अध्यक्ष मण्डलका केन्द्रीय अध्यक्षहरू राजेन्द्र महतो,शरतसिंह भण्डारी, महेन्द्र यादव, अनिल झा र राजकिशोर यादव सहभागी थिए। यसैगरी, वरिष्ठ उपाध्यक्षद्वय मृगेन्द्र सिंह यादव र शेखर कुमार सिंह, महासचिव केशव झा, सहमहासचिव जयप्रकाश ठाकुर, गजेन्द्र मण्डलको विशेष उपस्थिति रहेको थियो। मलेठका पूर्व एमाले नेता शम्भु प्रसाद यादव (लाली यादव )को नेतृत्वमा ५०० जना भन्दा बढी नेता तथा कार्यकर्ताहरू राजपा नेपालमा प्रवेश गरेको छन्।

### राइनमाथि आक्रमण

नेपालगन्ज। संघीय समाजवादी फोरमबाट नेपालगन्जका मेयरका प्रत्यासी कमरूद्दिन राइनमाथी आक्रमण भएको छ। मेयरका प्रत्यासी राई चढेको गाडीमा शुक्रबार राति नेकपा एमालेको पार्टी कार्यालय नजिकै आक्रमण भएको हो। मुखमा नकाप बाँधेर मोटरसाईकलमा आएको समूहले गाडीमा अन्धाधुन्ध ईटाले हान्दै राइनमाथि दुर्व्यवहार गरेको फोरम बाँकेले जनाएको छ। ईटा प्रहारबाट बा.९च ६५२९ नंको गाडीको सिसा फुटेपनि राईलाई चोटपटक लागेको छैन। संघीय फोरमले घटनामा संलग्नहरूलाई तत्काल पक्राउ गरेर कारवाही गर्न प्रहरी प्रशासनसँग माग गरेको छ। आक्रमण हुंदा राई र उनका ड्राईभर गाडीमा थिए।

### लुम्बिनीलाई स्मार्टसिटी बनाइने

भैरहवा, असार १० गते। अन्तराष्ट्रिय पर्यटकीयस्थल लुम्बिनीलाई विश्व शान्ति सहर तथा स्मार्टसिटी बनाउने लुम्बिनी साँस्कृतिक नगरपालिकाका उम्मेदवारहरूले प्रतिबद्धता जनाएका छन्। लुम्बिनीमा आयोजित एक कार्यक्रममा मेयर, उपमेयर वडाध्यक्षलगाएत सम्पूर्ण उम्मेदवारहरूको यस्तो सामूहिक प्रतिबद्धता जनाएका हुन्। मायादेवी प्रगतिशील आमा समूहको आयोजनामा स्थानीय चुनावमा उम्मेदवारहरूबीच छलफल कार्यक्रममा लुम्बिनीका सम्पूर्ण उम्मेदवारहरूको सामूहिक हातेमाले गर्दै सो कुरामा प्रतिबद्धता जनाएका हुन्।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# एस.ई.ई. र +२ पछि



**उदय कुमार मल्लिक**

> विदेशिने क्रिया पछिको विकृतीहरू त आफ्नो ठाउँमा छ नै । त्यसैले दुबै किसिमको प्रतिभाहरूलाई रोक्नु अपरिहार्य छ । रोकिएन भने केही वर्षहरूमै देश बुढा बुढीहरूको देश र राजनिती गर्नेहरूको देश मात्र रहनेछ जहाँ राजनितीकर्मीको मात्र बोलबाला हुन्छ ।

विगत केही वर्षहरू देखि S.L.C. र अहिले S.E.E. को रिजल्टबाट सदा झैं यस पटक पनि त्यस्तै प्रतिक्रिया आएको पाईन्छ । झन यस पटक त देशमा स्थानिय स्तरको दोश्रो चरणको चुनावमा होम्मिएको बेला S.L.C. (होईन होईन अब S.E.E) को रिजल्ट आएकोले रिजल्टले यी प्रदेशहरूमा त्यत्ती महत्व पाएको जस्तो देखिन्न तर स्थानिय पत्र पत्रिकाहरूमा विज्ञापनको रूपमा बराबरको ठाउँ अगोटे देखिन्छ ।

विभिन्न विद्यालयहरूमा विद्यार्थी सम्मान एवं +1 को प्रवेश परीक्षाको कार्यक्रमहरू भई रहेका छन् । यसै बिचमा बिगतमा र अहिले पनि विद्यार्थीहरूलाई भविष्यको लक्ष्यको बारेमा सोद्धा उच्च श्रेणी वा उच्च ग्रेड प्राप्त गरेका विद्यार्थीहरू मध्ये एउटा ठूलो समुहले (बोर्ड प्रथमको दावी गरेका समेतले) पनि भविष्यमा एउटा कुशल चिकित्सक ईन्जिनिएर र केहीले बैङ्कर्स भई राष्ट्रलाई सेवा गर्ने लक्ष्य बताए । तिई विद्यार्थीहरूको अभिभावक ज्यूहरूबाट पनि त्यस्तै किसिमको बिचारहरू आई रहेका हुन्छन् ।

कुनै पनि प्रजातान्त्रिक वा लोकतान्त्रिक मुलुकलाई स्फूर्त रूपमा संचालनको लागि थुप्रै संबैधानिक निकाय र त्यसका विभिन्न अंगहरू हुन्छन् । S.L.C. वा S.E.E. मा उच्च श्रेणी वा उच्च ग्रेड प्राप्त गरेका विद्यार्थीहरूले तिई निकाय र त्यसका अंगहरूमा काम गर्ने ईच्छा व्यक्त गरेको पाईन्न । कुनै पनि विद्यार्थीले म राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, प्रधान न्यायधीस, मन्त्रि, सचिव, प्रहरी प्रमुख, सेना प्रमुख, आयोग प्रमुख, न्यायाधीस, C.D.O., I.G.P., S.S.P. शिक्षा अधिकारी, शिक्षक L.D.O. राजदुत, कर अधिकृत, मालपोत अधिकृत, भंसार अधिकृत समाजलाई र देशलाई हाक्ने राजनैतिक नेता ईत्यादि बन्छु भनेर भन्दैनन् । यदि देशका सबै भन्दा बढि प्रतिभावान विद्यार्थीहरू डाक्टर्स, ईन्जीनियर्स, र बैंकर्स मात्रै बन्ने हो भने देश कसरी नयाँ समृद्ध र आदर्श नेपाल बन्छ ÈÈ देश माथि उल्लेखित निकायहरू र त्यसका अंगहरूबाट संचालित हुन्छन् न कि डाक्टर्स, ईन्जीनियर्स, र बैंकर्सहरूबाट । **(यहाँ डाक्टर्स, ईन्जीनियर्स, र बैंकर्स ज्यूहरूलाई उपेक्षित गर्न खोजिएको होईन तर पनि यो संदर्भले कसैलाई घात हुन्छ भने प्रस्तुतकर्ता हार्दिक क्षमाप्रार्थी छ । )** जब सब भन्दा बढी प्रतिभावान विद्यार्थीहरू एउटा केही सिमित क्षेत्र तिर मात्रै आकर्षित हुन्छन् र त्यतै तिर जान्छन् भने अलि कम प्रतिभावान विद्यार्थीहरू नै माथि उल्लेखित निकायहरूमा जान्छन् अनि उनिहरूले आफ्नो बुद्धि, विवेक अनुसार देशलाई चलायमान गरी रहेका हुन्छन् । यहा एउटा सोच्ने कुरा के छ भने यदि अलि कम प्रतिभावान विद्यार्थीहरूले देशलाई आजको अवस्था सम्म ल्याउन सक्छन् भने बढी प्रतिभावान बिद्यार्थीहरू त्यस निकाय तिर लाग्ने हो भने यो देश कहाँ पुग्छ होला È **(देशको आर्थिक बृद्धि दर बढेको र मानव विकास सुचाङ्क <u>H.D.I.</u> बढेको अवस्था अनुसार )** तर होईन ती निकायहरूलाई ति विद्यार्थीहरूले नै पछि गएर गाली गर्ने कि यो भएन त्यो भएन भनेर । आफू चाहे जाने बेलामा नजाने अनि पछि आएर गाली गर्ने । त्यो न्याय संगत हुन्छ र ?

उच्च शिक्षा र कामको लागि अवस्था पनि त्यस्तै छ । अहिले विगत केही वर्षहरूबाट एउटा नयाँ प्रवृतिको विकास भएको छ विदेश जाने भनेर । यहाँ पनि त्यस्तै नै देखिन्छ । बढी प्रतिभावान विद्यार्थीहरू अमेरिका, क्यानेडा, यूरोप, न्यूजिल्याण्ड, अष्ट्रेलिया, U.K. ईत्यादी देशहरूमा जाने र अलि कम प्रतिभावान **(तर दक्ष सिप भएका)** विद्यार्थीहरू खाडी मुलुकहरू मलेशिया, कुवेत, बहराईन, कतार, दुबई, ईत्यादी देशहरूमा जाने गरेको पाईन्छ ।

अमेरिका, क्यानेडा, यूरोप, न्यूजिल्याण्ड, अष्ट्रेलिया, U.K. आदि जाने विद्यार्थीहरू अधिकांश पढाई **(कम कामका लागि)** जाने, त्यही काम गर्ने, त्यही रमाउने, थोरै पैसा भए पनि पठाउने, पछि धेरै जसो त्यहीको **<u>Green Card</u>, <u>P.R.</u>,** नागरिकता लिएर, कहिले काही नेपाल आउने त्यसमा पनि नपालकै भिसा लिएर आउने गरेको र समाजले पनि तिनलाई धेरै महत्व दिएको देखिन्छ भने अर्को तिर खाडी मुलुक जाने विद्यार्थीहरूले काम गरेर धेरै पैसा पठाउने, घर फर्केर पनि आउने र यहाँ आएर केहि नयाँ कामको शुरूवात पनि गर्ने गरेको पाईन्छ । **गत वर्षको नेपाल राष्ट्र बैंकले प्रस्तुत गरेको एउटा डाटाअनुसार खाडी मुलुकहरू र छिमेकी देशबाट आउने रेमिटान्स अमेरिका, क्यानेडा, यूरोप, न्यूजिल्याण्ड, अष्ट्रेलिया, <u>U.K.</u> ईत्यादी देशहरूबाट आउने रेमिटान्स भन्दा कईयौं बढी हुन्छ ।** देशलाई खाडि मुलुकबाट आउने रेमिटान्सले धेरै सेवा पुऱ्याएको छ । प्रत्येक क्षेत्रबाट उच्च श्रेणीका विद्यार्थीहरू नै आफ्नो देशमा बस्न नचाही विभिन्न कारण देखाई विदेशिने गरेको पाईन्छ । यस्तै रहि रहने हो भने आउने केही समयमा नै बढी प्रतिभावान विद्यार्थीहरू सबै अमेरिका, क्यानेडा, यूरोप, न्यूजिल्याण्ड, अष्ट्रेलिया, U.K. तिर र दक्षता प्राप्त विद्यार्थीहरू खाडि मुलुक तिर गई देशलाई अहिले कम प्रतिभावान र कम दक्ष विद्यार्थी मय बनाउन्छन् र बाँकी रहेकाले मात्र देश संचालन गर्नेछन् । अब कसरी संचालन गर्नेछन्, कुन तरिकाले संचालन गर्ने छन् अव हामी आफै सोचौं ?

र अहिले त झन छोरो-छोरीको बिहे पनि त्यही अमेरिका, क्यानेडा, यूरोप, न्यूजिल्याण्ड, अष्ट्रेलिया, U.K. का केटा केटीहरू संग खोजी खोजी गर्ने होड चलेको छ र त्यसैको परम्परा पनि बसी रहेको छ । त्यसरी पनि बढी प्रतिभावान व्यक्तिहरू विदेशिएका छन् । विदेशिने क्रिया पछिको विकृतीहरू त आफ्नो ठाउँमा छ नै । त्यसैले दुबै किसिमको प्रतिभाहरूलाई रोक्नु अपरिहार्य छ । रोकिएन भने केही वर्षहरूमै देश बुढा बुढीहरूको देश र राजनिती गर्नेहरूको देश मात्र रहनेछ जहाँ राजनितीकर्मीको मात्र बोलबाला हुन्छ ।

यसको समाधानको लागि विद्यार्थीहरूमा सबैले आफ्नो ठाउँबाट शत प्रतिशत जागरूक्ता फैलाउनु पर्दछ । सर्व प्रथम शिक्षक, विद्यालय, महा-विद्यालयहरूले विद्यार्थीहरूलाई देशको सबै संबैधानिक निकाय र त्यसका अंगहरूको बारेमा जानकारी गराउनु एवं त्यस तर्फ उत्प्रेरणा जगाउनु पर्दछ भने अभिभावक ज्यूहरूले पनि एउटा केही निश्चित पेशालाई मात्रै आफ्नो साख नबनाई अरू निकाय (**पेशा**) तिर पनि प्रेरित गर्नु पर्छ । विद्यार्थीहरूले पनि सोच विचार गरेर राष्ट्र उन्नतीलाई मध्ये नजर गरी आफ्नो पाईला चाल्नु पर्दछ ।

सरकारले त्यस्ता विद्यार्थीहरूलाई एकैतिर केन्द्रित नहुने गरी नयाँ नयाँ कार्यक्रमहरू ल्याउनु पर्दछ । छिमेकी मुलुकहरूमा त्यस्ता प्रतिभावान विद्यार्थीहरूलाई सिधै I.A.S., I.P.S., I.F.S. ईत्यादी पदहरूमा प्रतिस्पर्धा गराई बहाल गर्दछ । यहाँ पनि त्यस्तै किसिमको अभ्यासको आवस्यकता छ । हाम्रो देशमा ती पदहरूमा पुग्दा सम्म सेवा निबृत्त हुने बेला भई सकेको हुन थाल्छ । यदि यहाँ पनि C.D.O., S.S.P, सचिवहरू बिभिन्न कार्यालयका अधिकृतहरू इत्यादीमा सिधा प्रतिस्पर्धा गराईने हो भने त्यस्ता बढी प्रतिभावान बिद्यार्थीहरूको झुकाव त्यस तर्फ बढ्ने सम्भावना रहनछ । तसर्थ सरकार, सरकारमा रहेको राजनैतिक दलहरू, प्रतिपक्ष, अन्य दलहरू र सबै सरोकार वालाहरूको ध्यान यस तर्फ पर्नु पर्ने अनिवार्य छ । यहाँका त्यस्ता विद्यार्थीहरूलाई आफ्नै देशमा कार्य गर्न सक्ने व्यवस्था मिलाउन सबैको आ-आफ्नो ठाउँमा सक्रियता अनिवार्य छ ।

# चिकित्सकका कारण गर्भवती महिला जोखिममा

राकेश यादव, रौतहट । नेपाल सरकारले करार सेवामा जिल्ला अस्पताल गौरमा नियुक्त गरेका महिला डाक्टर जेवा तबस्सुमको हेलचक्रयाईको कारण प्रशव गराउन आउने महिलाहरूको जीवन जोखिमपूर्ण भएका छन् ।

गर्भवती महिलाहरूको प्रशवका लागि विशेष गरी सरकारले ३० हजार प्रति महिना तलाब दिने गरी नियुक्त गरेका स्त्री तथा प्रसूति रोग विशेषज्ञ जेवा तबस्सुमले समयमा विरामीलाई चेकजाँच नै नगरी रेफर गर्ने गरेको कारण स्थानीय गरीब, दलित, विपन्न वर्ग एवं आर्थिक अवस्था कमजोर भएका परिवारका व्यक्तिहरू थप मर्कामा परिरहेका हुन् ।

सहज सुलभ तथा कम खर्चमा नेपाली जनताले स्वास्थ्य सेवा पाउन सकून् भन्ने उद्देश्यले सरकारले स्त्रीरोग विशेषज्ञको करार सेवामा राखेका छन् तर, जिल्लावासी समेत रहेकी डाक्टर जेवाले अवैध रूपमा रकम कमाउने उद्देश्यले विना परीक्षण गरी रेफर गर्ने गरेकोले सरकारको लगानी खेर गइरहेको छ ।

महिला प्रसूति कक्षमा कार्यरत अनमि दीक्षा घिमिरेसँग मिलेर जेवाले प्रशव पीडाले छटपटिँदै गरेकी महिलालाई कुनै बास्ता नगरिरहेको प्रशव गराउन आउने महिलाका कुरूवाहरूले आरोप लगाएका छन् ।

आइतवार प्रशव गराउन आएका स्थानीय गाविस बसतपुर निवासी बबिता देवी यादवलाई दिनरात गरी २४ घण्टा बितिसक्दा पनि एक चोटी हेर्न नआएकी डाक्टर जेवा सोमबार विहान करीव ९ बजेको समयमा आफ्नो श्रीमान डाक्टर इम्तियाज अहमदसित अस्पतालमा पुगी अरू ठाउँमा लैजाउ भनी रेफर गरी गएको पीड़ितका श्रीमान लालबाबू यादवले बताएका छन् ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुखले काम गरे नगरे पनि प्रति दिन १ हजार रूपैया भत्ता दिने गरेको तथा सघन शल्यक्रिया गर्नका लागि सुविधा सम्पन्न भवन उपलब्ध गरेपनि डाक्टर जेवा आफ्नो मनोमानी गरिरहेको बुझिएको छ । जेवाले

[redacted]

जिल्लाबासीको निःशुल्क सेवा दिन नमानेकोले स्थानीयबासीलाई अघि आउनु पर्ने अवस्था आएको डाक्टर झाको तर्क रहेको हो ।

प्रमुख जिल्ला अधिकारी उद्धव बहादुर थापाले कति पटक अस्पतालको विषयमा कार्यालय प्रमुखलाई भन्दा सुधार नभएकोले आफू पनि दिक्क भएको बताएका छन् ।

**कमिशन दिनेलाई पैथलोजी गराउन पठाउँछन्**

डाक्टर जेवाले परीक्षण गराउनलाई

[redacted]

समय निर्धारण गरेको हो । १० बजेदेखि ४ बजेसम्म जिल्ला अस्पतालमा बसेर सेवा दिनलाई स्वास्थ्य मन्त्रालयको निर्देशन रहेको छ ।

तोकिएको समयसम्म सेवा दिनलाई नेपाल सरकारले ३० हजार रूपैयाँ दिइरहेको भएपनि डाक्टर जेवा आफ्नो निजी क्लिनिक सञ्चालन गरी दोहरो सुविधा लिइरहेकी छन् ।

अस्पतालमा कार्यरत चिकित्सकले निजी क्लिनिक सञ्चालन गरे कार्यवाही गर्ने भने पनि स्थानीय प्रशासन निरीह देखिएका छन् ।

**२६ हजार लिएर गरे शल्यक्रिया**

जिल्ला अस्पताल गौरमा कार्यरत डाक्टर जेवा तबस्सुमले अस्पतालमा उपचार गराउन आएका एकजना महिलालाई रेफर गरी अस्पतालकै कर्मचारी, उपकरण लिएर अरूको क्लिनिकमा २६ हजार लिएर शल्यक्रिया गरेको खुलासा भएको छ ।

अस्पतालमा प्रशव गराउन आएकी स्थानीय महमदपुर निवासी २२ वर्षीय ललिता देवीलाई रेफर गरी सरफराज तैयवको क्लिनिकमा लगि रकम लिई शल्यक्रिया गरेकी थिइन् ।

सो कार्यमा अनमि दीक्षा घिमिरे, विबेकानन्द यादव, अस्पतालकै अपरेशन थियेटरका उपकरणहरू प्रयोग गरी गत चैत्र २२ गरेका दिन शल्यक्रिया गरेको अस्पताल स्रोतबाट खुलेको हो ।

यस विषयमा डाक्टर जेवासँग फोन सम्पर्क गर्दा ईद पर्व भएको कारण कुनै प्रतिक्रिया नदिने बताएकी छन् ।

## संक्षिप्त समाचार

### सिरहामा ट्र्याक्टर दुर्घटनामा युवकको मृत्यु

राम नारायण पंडित, सिरहा । डिजे लोड गरिएको ट्र्याक्टर दुर्घटना हुँदा सिरहामा एक युबकको ज्यान गएको छ । शुक्रबार मिर्चैया-कल्याणपुर सडकखण्ड अन्तर्गत मिर्चैया ३ राघोपुरस्थित दक्षिणबाट उत्तर जाँदै गरेको स १ त ४७३६ नम्बरको ट्र्याक्टर अनियन्त्रित भई दुर्घटना हुँदा ट्र्याक्टरमा सबार एक युवकको मृत्यु भएको प्रहरीले जनाएको छ । मृत्यु हुनेमा सिरहा अर्नमा गाउँपालिका १ बस्ने पल्टन चौधरीको १६ वर्षीय छोरा रूपण चौधरी रहेको ईलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी नायव उपरीक्षक (डिएसपी) गजुसिद्धि बज्राचार्यले बताए ।

### ट्र्याक्टरबाट खसेर मृत्यु

रौतहट । चन्द्रपुर नगरपालिका-९ स्थित चपुर-गौर सडक खण्डमा ना.१ त ६९८१ नम्बरको ट्र्याक्टरमा सवार रहेको अवस्थामा सोमबार अचानक ट्र्याक्टरबाट खस्दा चक्कामा परी गम्भीर घाइते भएका माधवनारायण गाउँपालिका-३ बस्ने रामनारायण यादवको छोरा १२ वर्षीय चन्दन यादवको च:पुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ । ट्र्याक्टर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### आफैले बोकेको बम बिष्फोटमा हुँदा मृत्यु

कैलाली । आफैले बोकेको विस्फोटक पदार्थ विस्फोट हुँदा एक युवकको मृत्यु भएको छ । धनगढी उपमहानगरपालिका-१ स्थित खानेपानी कार्यालयको क्षेत्रभित्र आफैले बोकेको हाल नाम नखुलेको बिष्फोटक पदार्थ सोमबार अचानक पड्कँदा गम्भीर घाइते भएका सोही उपमहानगरपालिका-१२ बस्ने ३० वर्षीय सनराईज भन्ने चन्द्र सिंहको सेती अञ्चल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ ।

### रिक्सा चालकको मृत्यु

कपिलबस्तु । कपिलबस्तु नगरपालिका-४ कोदहवामा सोमबार अचानक रिक्साबाट लडेर बेहोस भएका रिक्साचालक सोही नगरपालिका-२ सिमरहवा बस्ने ५० वर्षीय गुरूदिन रैदासको जिल्ला अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको छ ।

### श्रीमती मारेको अभियोगमा पक्राउ

सिराहा, १३ असार । आफ्नै श्रीमती २८ वर्षीया रामकलादेबी यादबलाई कर्तव्य गरी मारेको अभियोगमा भगवानपुर गाउँपालिका-१ बस्ने ३२ वर्षीय बालेश्वर यादबलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । श्रीमती यादबलाई धारिलो हतियार प्रहार गर्दा मृत्यु भएको खबर प्राप्त हुनासाथै खटिएको प्रहरीले उनलाई नियन्त्रणमा लिएको हो ।

### मतदान गरी घर फर्कने क्रममा एकको मृत्यु

मोरङ । स्थानीयत तहको निर्वाचनमा मतदान गरी घर फर्कने क्रममा एक मतदाताको मृत्यु भएको छ । धनपालथान गाउँपालिका-२ बस्ने ६५ वर्षीय मोहनलाल पासवानको सोही ठाउँस्थित अमाही मतदान केन्द्रमा मतदान गरी घर फर्कने क्रममा बुधबार अचानक मृत्यु भएको छ । पहिला देखि नै बिरामी रहेका पासवानलाई मतदानका लागि आफन्तले मतदान केन्द्रमा ल्याएका थिए ।

### आगलागीबाट १३ घर र ३ गोठ जलेर नष्ट

बाँके । बाँकेको एक गाविसमा आगलागी हुँदा १३ घर र तीन गोठ जलेर नष्ट भएका छन् । नरैनापुर-३ कालागाउँ बस्ने वलै पालको गोठमा बुधबार लागेको आगो फैलिएर स्थानीय १३ वटा घर र ३ वटा गोठ पूर्णरूपमा जलेर नष्ट भएका छन् । क्षतिको विवरण खुल्न बाँकी रहेको छ । प्रहरी र स्थानीयवासीको सहयोगमा आगो नियन्त्रणमा आएको छ ।

### कीर्ते जन्म दर्ता बनाउने सचिव प्रहरी हिरासतमा

रौतहट । कीर्ते जन्म दर्ता बनाएको अभियोगमा रौतहट प्रहरीले एकजना वड़ा सचिवलाई पक्राउ गरेको छ । स्थानीय गए विकास समिति जेठरहिया वार्ड नम्बर ४ हाल परिवर्तित माधवनारायण गाउँपालिका वडा नम्बर ४ का वडा सचिव चन्देश्वर राय यादवलाई प्रहरीले पक्राउ गरेको हो । स्थानीय निवासी रघुवीर साह तेलीले दिएको जाहेरीको आधारमा प्रहरीले सरकारी छाप दस्खत कीर्ते मुद्दामा अनुसन्धानको सिलसिलामा पक्राउ गरेको हो । रघुवीर साहले दिएको किटानी जाहेरी दरखास्तमा सचिव यादवले गाढ़ीमाई गाउपालिका वडा नम्बर ६ निवासी सत्येन्द्र राय यादवसंग मिलेर छोरीको नामको नक्कली जन्म दर्ता प्रमाण पत्र त्यार गरेको आरोप लगाएको हो ।

### विद्यालयको आयोजनामा सामूहिक इफ्तारी

वीरगंज । सफीया नेपाल पब्लिक विद्यालय पोखरिया नगरपालिका १३ को आयोजनामा इफतारी पार्टी कार्यक्रम सम्पन्न भएको छ । मुस्लिम समुदायको महान पर्व रमदानको अवसरमा पोखरियाको सफीया नेपाल पब्लिक विद्यालय परिसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि नेशनल मेडिकल कलेजका प्रबन्धक/निर्देशक एवं समाजसेवी बसरूदिन अंसारीले मुस्लिम समुदायलाई एक जुट भई अगाडि बढनु पर्नेमा जोड दिए ।

### कैलालीमा मदिराको बिक्री वितरण निषेध

कैलाली । स्थानीय तहको निर्वाचनलाई मध्यनजर गर्दै कैलाली जिल्लामा १० दिनसम्म मदिराजन्य पदार्थ बिक्री वितरणमा रोक लगाएको छ । स्थानीय चुनावलाई शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन यही असार ११ गतेदेखि २० गतेसम्म कैलाली जिल्लामा मदिराको बिक्री वितरण निषेध गरिएको हो । शनिबार जिल्ला सुरक्षा समितिको बैठकले मदिरा बिक्री वितरणमा रोक लगाउने निर्णय भएको छ ।

### मोरङको दुई ठाउँमा बम फेला

मोरङ । जिल्लाको दुई स्थानमा बम फेला परेको छ । कानेपोखरी गाउँपालिका-६ रमाईलो बस्ने ताराबहादुर काफ्लेको घरको पेटीमा कालो प्लाष्टिकको झोलामा खतरा लेखेर टाँसेको अवस्थामा शनिबार फेला परेको सकेट बम प्रहरी टोली खटी गई नेपाली सेनासँग समन्वय गरी निष्क्रिय पारिएको छ । यसैगरी मोरङ, जहदा गाउँपालिका-४ स्थित श्री सार्वजनिक उच्च माबिको प्राङगणमा तार बाहिर निष्किएको इँटाको साईजमा रहेको अवस्थामा शुक्रबार फेला परेको सुतली बम प्रहरी टोली र नेपाली सेनाको समन्वयमा निष्क्रिय पारिएको छ ।

### जीपको ठककरबाट पैदलयात्रीको मृत्यु

सप्तरी । जीपको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । खड्क नगरपालिका-५ खचुईयास्थित पूर्ब-पश्चिम राजमार्गमा को.१ च ९८५४ नम्बरको जिपले पैदलयात्री सोही ठाउँ बस्ने ५५ वर्षीय मनिलाल चौधरीलाई शनिबार ठक्कर दिंदा उनको घटनास्थलमै मृत्यु भएको छ । चालक र गाडीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### कुटपिटबाट बालकको मृत्यु

सिरहा । कुटपिटबाट एक बालकको मृत्यु भएको छ । स्थानीय पोखरीमा पूजा गरी घर फर्कने क्रममा शुक्रबार झै-झगडा भई अपरिचित व्यक्तिबाट कुटपिट भएको थियो । कुटपिटबाट गम्भीर घाइते भएका लक्ष्मीपुरपतार गाउँपालिका-३ बस्ने राजकुमार साहको छोरा १३ वर्षीय सोनुकुमारको सप्तऋषि अस्पताल लहान हुँदै बिराटनगर न्युरो अस्पतालमा थप उपचारको क्रममा शनिबार मृत्यु भएको छ । कुटपिट गर्ने ब्यक्तिहरूको खोजी गर्नुको साथै यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

### मुस्लिम आयोगद्वारा ईदको शुभकामना

दिनेश ठाकुर, नेपालगन्ज । राष्ट्रिय मुस्लिम आयोगले मुस्लिम समुदायको ईदुल फित्रको अवसरमा शुभकामना प्रदान गरेको छ । मुस्लिम समुदायले १ महिना लामो रोजा वसेर मनाउने ईद उल फित्रको अवसरमा सोमवार आयोगले एक विज्ञप्ती प्रकाशित गरि शुभकामना प्रदान गरेको हो । विज्ञप्तीमा भनिएको छ ईदुल फित्रको अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदिवहिनीहरूमा हार्दिक मंगलमय शुभकामनाका साथै नेपालीहरूमा धार्मिक एंव सामाजिक सदभाव स्थापित भई देशमा राष्ट्रिय एकता कायम हुने विश्वास व्यक्त गरिएको छ । राष्ट्रिय मुस्लिम आयोगका सदस्य सचिव मोहम्मद खालिद इकवाल इराकीद्वारा जारी विज्ञप्तीमा मुस्लिम समुदायको इदको पावन अवसरमा सु स्वास्थ्यको कामना समेत गरिएको छ ।

# सामुदायिक राष्ट्रवाद कि साझा राष्ट्रवाद

## “खस” महिमा र मधेश आन्दोलन : भाग ३७३



❖ उपेन्द्र झा

**गोर्खाल्याण्डमा एक दुईजना नेपाली भाषी मर्दा पहाडै खस्ने हिसाबको आक्रोश छ । तर मधेशका सयकडौं मधेशीलाई मारेर दुई चारबटा आँप झरेको अभिव्यक्तिमा कुन आशय लुकेको छ, शासकले त होइन, बुद्धिजिवीले त पक्कै भन्लान् । गोर्खाल्याण्ड सन्दर्भमा “भारतीयलाई नेपाली बनाउने प्रयास र नेपाली (मधेशी)लाई भारतीय बनाउने प्रयास” कुन प्रवृति हो, राजधानीका बुद्धिजीबीले यसको जवाफ दिनु पर्दछ ।**

देशको आधी जनसंख्या भएको मधेशको माँगलाई वेवास्ता गर्दै सेनाको सहारा लिएर बलपूर्वक प्रदेश नं. १, ५ र ७ मा निर्वाचन सम्पन्न गरेको छ । राजपालाई सामेल गराएर चुनाव गराउने काँग्रेसको बकम्फुसे आश्वासन मगरमच्छको आँसू जस्तै प्रभावहीन बन्यो । अन्तर्राष्ट्रिय चासोलाई पनि वेवास्ता गर्दै राजपाबिना चुनाव भएको अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले पनि देखे । मधेशको माँगलाई सर्वोपरि बुझि सिङ्गै मधेश आन्दोलनको भाषामा आफनो आवाज सम्बोधन हुनु पर्ने कुरालाई वेवास्ता गर्दै प्रचण्डले त धोखा दियो नै नेपाली काँग्रेसको सरकारले पनि धोखा दियो । २ नं. प्रदेशबाहेक सबै ठाउँमा चुनाव सम्पन्न भएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको वकालत गर्ने चरम कट्टरपंथीहरूको बोली र व्यवहारको फरकलाई यसपाली अन्तर्राष्ट्रिय जगतले राम्ररी थाहा पाए । मधेशको सामान्य माँग समेटिएको संशोधन प्रस्तावबारे अन्तर्राष्ट्रिय कूटनीतिक नियोगका प्रतिनिधिहरूले पनि मध्यस्थता गरि समस्या समाधान गर्ने उद्देश्यले नेपाली काँग्रेस र एमालेसंग कुरा गर्दा तार्किक जवाफ नआएपछि सबै दंग परे । मधेशको समस्या सम्बोधन गर्न चारैतिरबाट आफूमाथि दबाव बढ्दै गएपछि मधेशमाथि नै दबाव बढाउने उद्देश्यले एमाले अध्यक्षले भारतीय राजदूतको सहारा लिए । छिन छिन छेपारो जस्तै रंग बदल्ने नेपाली राजनीतिज्ञहरूको चरित्रबाट अन्जान रहेको भारतीय राजदूत यिनलाई विश्वास गरेर दुरूपयोग भए । चुनावी माहौलमा दबिएको यिनले बिछाएको षडयन्त्रको जाल भारतीय राजदूतलाई परिलक्षित भएन । एक दशकदेखि आफनो माँग लिएर आवाज उठाउँदै आएकै श्रृँखलाको एउटा कडीको रूपमा रहेको संशोधन प्रस्तावलाई छोडेर चुनावमा भाग लिनु मधेश मुद्दाको विसर्जन थियो भने राजपाका लागि आत्मसमर्पण नै हुन्थ्यो । धरातलीय समस्याको पेचीदा रूपसंग वाकिफ नभएको भारतीय राजदूतलाई एमाले अध्यक्षले शिकार गर्न चाहे । तर मन माफिकको परिणाम निकाल्न सकेन । त्यसपछि नेपाली काँग्रेसमाथि शिकञ्जा कस्दै बलपूर्वक चुनाव गराउने अठोट लिएर सबै चुनावमा होमिए ।

मधेशलाई फुटाएर शासन गर्ने राज्यको पौराणिक धारणामा केही फेर बदल गरि मधेशलाई ४ प्रदेशमा विभाजन गरि संघीय प्रणाली दिएको भनेर लोकतन्त्रप्रति आत्मसमर्पित देखाउन पछि परेको छैन । आन्दोलनको बीचमा ३ वटा प्रदेशमा देशको आधी जनसंख्याको प्रतिनिधित्व गर्ने राजपालाई बाहिर राखी सेनाद्वारा चुनाव गराउँदा यिनको लोकतान्त्रिक चरित्रमाथि प्रश्न उठ्दैन ? राजपाले चुनाव विथोल्ने कुरा गरेको छैन, बहिष्कार पनि गरेको छैन । लोकतान्त्रिक पद्धतिको सबैको समान हकलाई कदर गरिने मूल्य मान्यतालाई खारेज गरि गराईने चुनाव कसरी लोकतान्त्रि कहलिने ? मधेश आएपनि नआएपनि चुनाव गराई छाड्ने शासकीय मनोवृतिको कट्टरता यसपाली अन्तर्राष्ट्रिय जगतले पनि हेर्‍यो ।

दिने नाममा भारतीय, अनागरिक, जाली नागरिकता लिएर राजनीतिमा सामेल रहेको, भैया, मधिशे आदि अपमानजनक शब्दबाहेक मधेशीले पहिलो पल्ट आफनो अधिकारको कुरा गर्दा १० वर्षदेखि राज्य अनसुना गर्दै दिने कुरा केही दिएको छैन । संघीयताको नाममा मधेशलाई जातीय, क्षेत्रिय, भाषिक विभाजन गरि मधेशलाई चार टुक्रा गरेर दिएको छ । सबै प्रदेशमा आफनो वर्चस्व कायम राख्ने गरि मधेशमा चारवटा संघीय प्रदेश बनाएर दिईएको छ । समग्र मधेशले माँग गरेको एक प्रदेशको विरूद्ध सबै दलहरू एकजूट भएर संविधान सभालाई विवादित बनायो । राज्य षडयन्त्र त्यहींबाट शुरू भयो र यसमा जनमुखी दर्शन र विचारको वकालत गर्ने सबै पार्टीहरू राज्यमा वर्गीय अस्तित्वलाई बचाउन मधेशको विरूद्ध एकजूट भए ।

आषाढ १४ गते बाँकी १, २, ५ र ७ चार प्रदेशमा चुनाव गराउने राज्यको निर्णयलाई २ नं. प्रदेशको सघन आन्दोलनले बिना संशोधन चुनाव हुन नसक्ने अवस्थाको सृजना हुँदा सरकारले २ नं. को चुनावलाई असोज २ गते सारेर अन्य प्रदेशमा आषाढ १४ गते नै चुनाव गराउने भनेर सेना उतार्‍यो । सर्व साधारणमा भयको वातावरण सृजना गर्न जिल्लाका ठुल्ठूला नेताहरूलाई पक्राउ गरि थुन्न थालेपछि आन्दोलन सामान्य विरोधमा परिणत भयो । सरकारले जनसहभागिताभन्दा चुनावलाई महत्व दिएर अगाडि बढेकोले मधेशको मुद्दालाई नेपाली काँग्रेसको सरकारले पनि वेवास्ता गर्दा मधेशको आक्रोश द्विगुणा बढेको छ ।

असोज २ गते हुने भनिएको प्रदेश नं. २ को चुनाव महासंग्रामकाबीच हुने कुरालाई नकार्न सकिंदैन । राजपाले लिएको संशोधन प्रस्ताव पास गराउने अडान कायम रहेकोले सरकारले संशोधन प्रस्ताव पास गरेर चुनाव गरायो भने राजपा सामेल भई शान्तिपूर्ण तरिकाले चुनाव सम्पन्न हुनेछ । होईन भने दशैंको मुखमा असोज २ गतेको चुनाव रक्तरंजित हुनेमा शंका छैन ।

एमालेको सामुदायिक राष्ट्रवादले देशको विविधतायुक्त सामाजिक संरचनालाई बहिष्कार गरेको छ । देशलाई विखण्डनमा पठाउने यस्तो खतरनाक प्रवृति देशको कुनै शासकमा देखिएको थिएन । यो प्रवति बडो खतरनाक ढंगबाट उदाएको छ । विविध फूलहरूको सौंदर्यले सजिएको नेपालको फुलवारीलाई तहस नहस पार्ने निरंकूश तानाशाहले सामुदायिक राष्ट्रवादको नारा उचालेर आफनो एमाले पार्टीलाई एकातिर मजबूत बनाएको छ भने अर्कोतिर नेपाली राजनीतिमा बिषमता थपेर अन्तहीन संघर्षलाई जन्माई दिएको छ । पार्टीलाई मजबूत पार्ने तिकडमी चालमा देश कति आहत भएको कुरासंग यिनको कुनै मतलव पनि छैन । सामुदायिक राष्ट्रवादको नारा उचालेर मधेशका राजनीतिक दलहरूलाई भारतीय साबित गर्नमा तल्लीन एमालेका उच्च पदस्थ नेताहरू कोही कसैसंग कम भएर बोल्ने आँट गर्दैन । मधेशलाई भारतीय भनेर व्यवहार गर्न नेताहरू रणनीतिक रूपमा अगाडि बढेका कारण पहाड र मधेशको दूरी दिनानुदिन बढ्दै जाने अवस्था देशको लागि स्वस्थकर पक्कै पनि होईन ।

संघीय समाजवादी फोरमलाई निस्तेज गराउन, मधेशका दलहरूसंग भएको प्रभावशाली नेताहरूलाई प्रलोभन दिएर एमालेमा प्रवेश गराउने, नमान्नेलाई भय, त्रास देखाउने आदि शैली पंचायत व्यवस्थाको याद दिलाउन थालेको छ । राज्यसत्तामा प्रभूत्व कायम भएपछि र नेपालका नाम चलेका नेपाली काँग्रेस, माओवादी केन्द्र पनि सहयोगबाहेक विरोध गर्ने क्षमतामा नरहेकोबाट एकाधिपत्यको रसास्वादन नगरि एमाले पछाडि किन हट्ने ? सत्ता पाएपछि यसको भरपूर भोग सबैले गरेकै छन् । एमाले किन पछि हट्ने ? लोकतन्त्रमा आएपनि सामन्ती सोच त छँदैछ नि ।

विविधतायुक्त नेपाली समाजको सौंदर्यलाई नष्ट गरेर एकै खाले फूलको बगैंचा बनाउने उद्देश्य लिएर हिंड्ने शासकीय मनोवृतिबाट देशको क्षति हुने कुरा पहाडी समाजका बुद्धिजिबीहरूले पनि मान्न बाध्य भएका छन् । यो शासकीय शैलीको विरोधमा यदाकदा पत्र पत्रिकामा केही बुद्धिजिवीहरूको लेख छापिने गरेको छ । हालै कान्तिपुर दैनिकमा सुधीर शर्माले मधेशको आवाजलाई अनसूना गर्ने सरकारको अदुर्दर्शितालाई लक्षित गरि मधेश र पहाडकोबीच बढि रहेको दूरिबारे तथा मधेशको “**मतभेद र मनभेद**” विषयक कुरा बडो मार्मिक ढंगले उठाउनु भएको छ । बिग्री रहेको सामाजिक सद्भावप्रति सचेत हुन जिम्मेवार पक्षलाई आग्रह पनि गरिएको छ । मधेशको मतभेदप्रति उदासीन शीर्ष दलहरूको ढिपी लामो समयसम्म कायम रहको कारणले सो मतभेद मनभेदमा परिणत भएको कुरा सुधीर शर्माले उल्लेख गरेपनि सो अवस्थामा मधेश नपुगेको तर्क प्रदीप गिरीले दिनु हुन्छ । तर मधेशको मुद्दा अविलम्व सम्बोधन हुनु पर्ने बुद्धिजिवीहरूको मान्यता रहेको छ ।

लोकतन्त्रमा आएपछि पनि मधेशलाई स्वीकार नगर्ने, एकतन्त्रीय शासकीय शैलीमा रमाउने, अहंकारवादी सामन्ती चरित्रको निर्लज्जतापूर्वक प्रदर्शन गर्ने, मधेशसंग रंगभेदको नीति राख्ने दर्शनशास्त्रीहरूको चरित्र अहिले कति जनमुखी छ भन्ने कुरा छर्लङ्ग देखिएको छ । जन आवाजलाई बलपूर्वक दवाएर, धाक, रवाफमा रमाएका शासकहरूको क्रियाकलाप अतीतका आलोच्य कलंकित घटनाको रूपमा इतिहासको पानामा सुरक्षित छ । अहिले सो पाना पढ्ने नवपिढीहरू सो शासकप्रति घृणा लिएर नै आफनो विचार बनाउँछन् । लोकतन्त्रमा पनि मधेशसंग राज्यको जंगली शैली एक दशकदेखि मधेशलाई आन्दोलनमा राखेको छ । उसको मतभेदलाई हटाउने किञ्चित प्रयास छैन । दलाल मनोवृतिका जमातलाई **मधेशी दलहरूलाई जति दिएपनि नपुग्ने** भनेर प्रचारमा अहोरात्र खटाएर बदनाम गराउने, आफ्नो बदनियतिलाई ढाकछोप गरि राख्ने आदि क्रियाकलापबाट मधेश निराश भई आन्दोलन नै निर्विकल्प बाटो रोजेका छन् । निहत्था मधेशीहरूको हत्या गरेर दुई चारबटा आँप झरेको कुरा गरि मधेशलाई कति हदसम्म घृणा गरेको कुरा स्पष्ट हुँदैन ?

देशको आधा जनसंख्यालाई भारतीय प्रमाणित गर्न तल्लीन एमाले गोर्खाल्याण्डको नेपाली भाषी भारतीयहरूप्रति काठमाण्डौंमा नाईटोको बल झिकेर प्रदर्शन गरिरहेको एउटा दृश्य छ भने नागरिकता बोकेका मधेशीहरूमाथि बर्बर दमन गरि हत्या गरि रहेको अर्को दृश्य छ । गोर्खाल्याण्डमा एक दुईजना नेपाली भाषी मर्दा पहाडै खस्ने हिसाबको आक्रोश छ । तर मधेशका सयकडौं मधेशीलाई मारेर दुई चारबटा आँप झरेको अभिव्यक्तिमा कुन आशय लुकेको छ, शासकले त होइन, बुद्धिजिवीले त पक्कै भन्लान् । गोर्खाल्याण्ड सन्दर्भमा “भारतीयलाई नेपाली बनाउने प्रयास र नेपाली(मधेशी)लाई भारतीय बनाउने प्रयास” कुन प्रवृति हो, राजधानीका बुद्धिजीविले यसको जवाफ दिनु पर्दछ ।

देश सबैको साझा हुनु पर्दछ । के सामुदायिक राष्ट्रवादले देशलाई साझा बनाउन सक्दछ ? मधेशले आफ्नो विशाल आकार पाएर राज्यमा समान र समानुपातिक भूमिका खोजेको छ । उसलाई आत्मसमर्पण गराएर सामुदायिक राष्ट्रवाद लाद्ने कि समान रूपले उसको भूमिकालाई नीतिगत तथा व्यावहारिक रूपमा स्वीकार गरि साझा राष्ट्रवादको थालनी गर्ने ? बेलैमा सोचे राम्रो होला । ***क्रमश:***

janukjha24@gmail.com

# परिचय पत्र बोक्न आग्रह

काठमाडौं । भारतले आफ्ना देशका नागरिकलाई नेपाल तथा भूटानको भ्रमण गर्दा भारत सरकारबाट दिइने आधार कार्डको सट्टा पूर्ण परिचय खुलेको मान्य पासपोर्ट वा मतदाता परिचय पत्र बोक्न आग्रह गरेको छ । भारतको विदेश मामिला मन्त्रालयले एक विज्ञप्तीमार्फत आधार कार्ड आधिकारिक परिचय पत्र नभएको स्पष्ट पार्दै नेपाल वा भूटान भ्रमण गर्दा यो मान्य नहुने पनि प्रष्ट पारेको छ । नेपाल र भूटान भ्रमण गर्नका लागि आधार कार्ड मान्य ट्राभल डकुमेन्ट नरहेको पनि भारतको विदेश मन्त्रालयले जनाएको छ । आधार कार्ड भारत सरकारद्वारा आफ्ना नागरिकलाई दिइने १२ अंकको एक परिचय पत्र हो । जसमा व्यक्तिको पहिचान नम्बरसहित उसको व्यक्तिगत विवरण समावेश गरिन्छ । प्रधानमन्त्री नरेन्द्र मोदीले सरकारी अनुदान तथा एलपी ग्यासको लागि भारतमा आधार कार्ड अनिवार्य गरेका छन् ।

# सुरक्षित टोल घोषणा अभियान शुरू

राजविराज । वैदेशिक रोजगार सम्बन्धी सुरक्षित टोल अभियानअन्तर्गत बभन्नगमाकट्टी वाड नं २ तोपा टोललाई सिपयुक्त, ठगीमुक्त टोल घोषणा अभियान शुरू गरिएको छ । सबल नेपाल सप्तरी तथा सुरक्षित आप्रवासी कामदार हकहित संरक्षण केन्द्रको अगुवाईमा निकालिएको र्‍यालीमा घर घरमा बोल, सुरक्षित टोल अभियानलाई निरन्तरता दिँदै टोललाई ठगीमुक्त, सिपयुक्त टोल अभियान गरिएको हो । वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित तथा लाभदायक बनाउने तथा जाने व्यक्तीहरू ठगिनबाट जोगिन तथा सबै कागजपत्र घरमा एक प्रति राख्ने र सिप सिकेर मात्र जाने र सबै कुराको जानकारी लिएर जाने भनी प्रतिबद्धता गरेपछि तोपा टोललाई, सुरक्षित टोल घोषणा अभियान गरिएको आप्रवासी कामदार हकहित केन्द्रका जिल्ला अध्यक्ष जयबिन्द कुमार सिंहले बताएका छन् ।

सो बस्तीमा शुक्रबार सामी/हेल्भेटास नेपालको सहयोगमा सवल नेपाल सप्तरीद्धारा संचालित सुरक्षित आप्रवासन परियोजना अन्तर्गत आप्रवासी कामदार हकहित संरक्षण केन्द्र सप्तरी द्धारा आयोजित सो कार्यकममा तोपा ६४ घरपरिवार सदस्यहरूको सहभागिता रहेको थियो । उक्त टोलका २५ जनाको घरपरिवारका २८ जना सदस्यहरू वैदेशिक रोजगारको सिलसिलामा विदेशमा रहेका छन् भने उनीहरूका घरपरिवारका सदस्यहरूले एकप्रति कागजपत्र घरमा घरमा राखेका सिप सिकेर जाने गरेको, मोलमोलाई गरी पैसा घटाएको बिदेश जादा सुचना तथा परार्मश केन्द्रमा सबै कुराको जानकारी लिएर जाने गरेकाले सो ठाँउलाई सुरक्षित टोल घोषण अभियान शुरू गरेको सबल नेपाल कार्यकम संयोजक अशोक कुमार साहले बताए ।

उनीहरू अधिकतम लागत भन्दा बढी रकम ऐजेन्टलाई दिईदैन, ऐजेन्ट संग मोलमोलाई गरेको सुचना तथा परार्मश केन्द्रमा सबै कुराको जानकारी लिएर मात्र जाने गरेको,र सिप सिकेर मात्र जानुपर्ने कुरा सम्भावित आप्रवासी कामदारहरूलाई सुमदायमा जनाकारी दिने गरेको जनता मा.बि तोपाका बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष राधेश्याम यादबले बताए । सबल नेपाल सप्तरीद्धारा आयोजित कार्यकममा सामी / हेल्भेटास नेपाल सप्तरीका जिल्ला परियोजना संयोजक देब नारायण चौधरी,सवल नेपालका कार्यकम संयोजक अशोक कुमार साह,कार्यकम अधिकृत चन्दन यादब,सामाजिक परिचालक किशोरी शर्मा,रिटर्नी स्वयंसेवक नन्दकिशोर मण्डल,आप्रावासी कामदार हकहित केन्द्रका अध्यक्ष जयबिन्द कुमार सिंह,तोपा बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष राधेश्याम यादब, लगायत १०० स्थानियहरूको सहभागिता रहेको थियो ।

# सूचना हकसम्बन्धि अभिमुखीकरण कार्यक्रम



जलेश्वर । नेपाल पत्रकार महासंघ महोत्तरी शाखाले जिल्लाका पत्रकार तथा अन्य क्षेत्रका व्यक्तिहरूलाई समेटेर सूचनाको हक सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालय तथा राष्ट्रिय सूचना आयोग काठमाडौंको सहयोगमा पत्रकार महासंघ महोत्तरी शाखाले सो कार्यक्रम सम्पन्न गरेको हो । लोकतन्त्रमा सूचनाको हक नै महत्वपूर्ण औजार र हतियार भएको र यसको प्रयोगले समाजलाई अगाडि बढाउन सहज र सरल हुने भएकोले कार्यक्रम गरिएको महासंघ महोत्तरीका सभापति कमलेश मण्डलले जानकारी दिए । नेपाली जनताको मौलिक हकको रूपमा रहेको यसको प्रयोगबारे अहिले पनि समस्या देखिएकोले यसको प्रयोग र कार्यान्वयनका लागि यो कार्यक्रमले सहजता ल्याउने विश्वास गरिएको बताउँदै सभापति मण्डलले सञ्चारकर्मीसहित अन्यको सहभागिताले महोत्तरीमा यसको उपयोग बढ्नेमा आशा व्यक्त गरे । नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका उपाध्यक्ष नागेन्द्रकुमार कर्णले सहजीकरण गर्दै सूचनाको हक के हो, कसरी प्राप्त गर्न सकिन्छ, सूचना नदिए सजायहरू के कस्ता छन् आदिबारे जानकारी दिँदै जनताको सुसूचित गराउने अभिभारा लिएका सञ्चारकर्मीहरूले यसको उपयोग बढी गर्नुपर्नेमा जोड दिए । सूचनाको हक प्रयोग गरेर गरिने पत्रकारिता मर्यादित, प्रमाणिक हुने बताउँदै कर्णले सञ्चारकर्मीहरू पनि यसको प्रयोग नगरेको कारणले सूचनाको हक कार्यान्वयनमा समस्या देखिएको स्पष्ट गरे । सरोकारबाला निकायहरूले पनि तीन तीन महिनामा आफ्ना गतिविधिहरू सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेपनि यसको कार्यान्वयन नभएको बताउँदै उनले यसका लागि सञ्चारकर्मीहरू यसको उपयोगमा अगाडि आउनुपर्नेमा जोड दिए ।

राष्ट्रिय अखण्डता, सामाजिक मर्यादा, भेदभावरहित सत्यतथ्य सूचनाको सम्प्रेषण, शान्ति प्रवर्द्धनमा अग्रसर हुनु हामी सबैको कर्तव्य हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# त्रिवि सेवा आयोगमा समानुपातिक समावेशिताको सिद्धान्त लागू गर्न माग



डा. उदयकिशोर तिवारी

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालनिकट लोकतान्त्रिक प्राध्यापक संघले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका हुने सम्पूर्ण पदाधिकारी नियूक्तिहरूमा समानुपातिक समावेशिता सिद्धान्त लागू हुनुपर्ने माग गरेका छन् ।

संघका अध्यक्ष डा. उदयकिशोर तिवारीले शुक्रबार विज्ञप्ति जारी गरी ‘एकलौटी रूपमा दलीय स्वार्थवाट प्रेरित भई असमावेशी रूपमा गर्दै आइरहेको नियूक्ति प्रति यो संगठनको गम्भीर ध्यानाकर्षण भएको छ’ उल्लेख गरेका छन् ।

राज्यको उत्पीडित तथा उपेक्षित वर्गको समानुपातिक तथा समावेशी पहुँच आजको मुख्य आवश्यक्ता भएको हुँदा सोही मूल्य एवं मान्यता अनुसार त्रि.वि. विश्वविद्यालय सेवा आयोगको सदस्य लगायत अन्य पदाधिकारीहरूको नियूक्ति पूर्व लिखित सहमति अनुसार संघको आपसि सहमति र सहकार्यमा गर्न र गराउन हुन माग गरेको छ । अन्यथा संघ आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी दिएको छ ।

# बबन सिंहविरूद्ध उजुरी दर्ता



बबन सिंह

राकेश यादव, रौतहट । संघीय समाजवादी फोरम नेपालका केन्द्रीय सदस्य एवं पूर्वसभासद् बबन सिंहविरूद्ध एकजना दलित महिलाले जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गराएकी छन् । घरको अगाडि बलजवरदस्ती अरू व्यक्तिले घर बनाउन लागेपछि अवरोध गर्दा पूर्व सभासद् सिंह त्यसको समर्थनमा मारपिट गर्ने धमकी दिएको भन्दै क़ानूनी कारबाही गरी ज्यानको सुरक्षाको व्यवस्था मिलाईदिन माग गर्दै स्थानीय गाउँ विकास समिति ब्रह्मपुरी ३ हाल गौर नगरपालिका वार्ड नम्बर १० निवासी संजय राम चमारकी ४२ वर्षीया पत्नी इन्दु देवी रामले पूर्व सभासद् सिंहसहित ३ जना माथि उजुरी दिएकी हुन् । घरको अगाडि रहेको नेपाल रेडक्रस सोसाइटीको करीव ३ धुर जग्गा च्यापेर स्थानीय हरेन्द्र ठाकुर र गजेन्द्र ठाकुरले घर निर्माण गर्न लाग्दा निकास थुनिएपछि विरोध गर्दा सिंह ठाकुरको पक्षमा उभेर मेरो घरमा लाग्ने मानिस कोही नभएको देखि अपशब्द प्रयोग गर्नुको साथै ज्यान मार्ने धमकी समेत दिएको पीड़ित महिलाले बताएकी छन् । आसन्न तेस्रो चरणमा हुने स्थानीय तहको निर्वाचनमा गौर नगरपालिकाको उपमेयर पदका प्रत्यासी सिंहकी श्रीमती रहेको भए पनि गरीब, दलित, अबला महिलालाई गाली बेइजती गर्ने कार्यले त्यहाँका दलित समुदायका व्यक्ति त्रसित भएको पीडितले भनिन्, ‘चुनाव नजितेको बेला धांधली गरिरहेका सिंहले निर्वाचित भएमा गरीब निमुख्खा जनतालाई कस्तो व्यवहार गर्ने भनी दलित समुदायका व्यक्तिहरू चिन्तित बनेका छन् ।’ निवेदनमा भनिएको छ, ‘कुनै पनि बेला घटना गर्न सकिने सम्भावना भएकोले मेरो तथा मेरो घरपरिवार जहानको शान्ति सुरक्षाको व्यबस्था मिलाई पाउँ ।’

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# विश्व परिवेश

## किन आतंकवादमा संलग्न छन् ?

–मंजूर अहमद

लण्डन ब्रिज जस्तो महत्वपूर्ण स्थलमाथि आतंकी आक्रमण हुने कुराबाट दुई कुरा स्पष्ट हुन आएको छ – पहिलो, इस्लामिक स्टेट (आइ.एस.) ले यूरोपियन राष्ट्रको एक मुख्य राष्ट्रमा साहसी उपस्थिति जमाइसकेको छ र दोस्रो कुरा त्यस्ता साहसीहरू मध्येको एक पाकिस्तानमा जन्मेको ग्रेटब्रिटेन निवासी खुरर्म शाजाद बट्ट रहेको छ। दर्जनौं प्रख्यात आतंकवादीहरूमध्येको त्यो पहिलो व्यक्ति हो जसले तीन महिनाभित्र नै ब्रिटेनमा तेस्रो पटक आतंकवादी आक्रमण गरिसकेको छ। पाकिस्तानी देशहरूमा आप्रवासी भएर पढ्न गएका, काम गर्न वा शरणार्थीका रूपमा त्यहाँ स्वतन्त्रता र समृद्धि उपभोग गर्नेहरू लुटपाट, अपहरण, हत्या र आतंकवादी क्रियाकलापहरूमा संलग्न हुने र रहने पाकिस्तानी नागरिकहरू सबभन्दा बढी रहेका छन्। तिनीहरू आतंकवादी क्रियाकलापहरूमा स्वच्छाले लागेर आफन्त छिमेकी देशहरूका निर्दोष मानिसहरूको हत्या समेत गर्ने गरेका छन्। लण्डनबाट प्राप्त प्रतिवेदन अनुसार खुरर्म शाजाद बट्ट त्यस मध्येको अग्रणी व्यक्ति हो। हालै लण्डन अदालतका न्यायाधीशले लण्डनमा बस्ने पाकिस्तानीहरूमा संगठित समुहलाई ब्रिटिसका केटीहरूले अलकोहल र ड्रक्स खवाएर बलात्कार गर्ने र तिनीहरूलाई वेश्यावृत्ति गर्न बाध्य पारेको अभियोगमा तिनीहरूलाई फाँसीको सजाय दिए पछि तिनीहरूका नेताले न्यायालयमार्फत जातिवादको आसय लगाएको थियो।



पश्चिमी समाजहरूमा गएर पाकिस्तानीहरू स्वेच्छापूर्वक अपराध र आतंकवादमा लाग्ने गरेको प्रमाण बाह्रय पाकिस्तानी हवाई सेनाका एयर मार्शलका छोरा पुसेज शाहजादले खुशी साथ पाकिस्तानी अमेरीकी केटीसँग बिहे गरेका दुवै शिक्षित भए। सन् २०१० मा टाइम स्वायरमा रहेको एक आरमा बम लगाउने प्रयास गरेको दुवैलाई आजीवन कारावासको सजाय दिइएको समेत छर्लङ्ग हुन आएको प्रसंग भनै सम्भने लायक छ। अर्को पाकिस्तानी अमेरीकन डेविड हैड्ले मुम्बई आतंकवादीमा मुख्य भुमिका निर्वाह गरेको थियो र त्यसमा उसको सहयोगी पाकिस्तानी कनाडानी नेहव्वुर राना नाम गरेको एक डाक्टर रहेको थियो। पाकिस्तानको आई.एस.आई अलकयदाको लागि गुप्त रूपले कार्य गर्दै आएको हैड्लेलाई यू.एस.डम्स एडमिनरले कसैको जमानीमा बचाएको थियो। पाकिस्तानीहरू अमेरीका यूरोपमा हालै अपराधिक र आतंकवादी गतिविधि लागेका छैनन् कि मुस्लिम देशसमेतमा त्यस्ता क्रियाकलाप संचालित गर्दै आएका छन्। यहाँ सम्म कि साउदीअरब जो तिनीहरूका लागि पवित्रम् स्थल रहेको छ, त्यहि पनि तिनीहरूले त्यस्तै कामहरू गरेपछि त्यहाँ कार्यरत रहेका दर्जनौ पाकिस्तानी नागरिकहरूलाई साउदी अधिकारीहरूले कारबाही गरी फाँसी सम्म सजाय दिएका थिए।

पश्चिमी देशहरूमा खासगरीकन अमेरीका र ब्रिटेनमा अध्यापन गर्नेहरूका माता–पिता सहि रूपले संलग्न नरहेको अध्ययन प्रतिवेदनहरूले देखाए पनि विदेशमा गएकाहरूलाई पाकिस्तानीहरूले स्रोतको रूपमा प्रयोग गरी तिनीहरूबाट विभिन्न देशका भेउ र रहस्य प्राप्त गर्ने गरेका छन्। जबकी थुप्रै देशका सरकारहरूले कूटनैतिक दृष्टिले पाकिस्तानको आतंकवादविरूद्धको लडाईको औचित्यको दृष्टिले आर्थिक सहयोग गर्दै आएका छन् तर ती देशहरूका विश्लेषकको दृढ विश्वास छ कि पाकिस्तानले विश्वलाई भ्रमित पार्न मात्र आतंकवादलाई अस्त्रको रूपमा विदेशबाट सहानुभूति, सहयोग र आर्थिक सहयोग प्राप्त गर्न त्यस्तो गर्दै आएको छ किनकि पाकिस्तानको अहिले चीनसँगको घनिष्टताको विशेष उद्देश्य रहेको छ। विश्लेषकहरू भन्छन् कि आन्तारिक रूपमा उग्रवादसँग जुम्हुन र आश्तेकबाट निर्यात गर्ने सम्बन्धमा पाकिस्तानको अधिकारीहरू जे भए पनि आप्रवासी पाकिस्तानी विद्यार्थी वा मजदुरहरू आइ.एस. र अलकयदाको प्रशिक्षण अनुरूप नै सर्वत्र कार्यरत रहँदै आएकोछ। – *एजेन्सीहरूको सहयोगमा*

## सुशासनको कमी कारण पाकिस्तानमा निरन्तर उर्जा संकट

नदिम उल हक। ईस्लामावाद। लगभग एक दशकदेखि पाकिस्तानलाई आवश्यक उर्जा अपुग छ र देशभरका उत्पादक तथा उपभोक्ताहरू दैनिक जसो १२ घण्टासम्मको बिद्युत कटौती सहिरहेका छन्। समस्याको जड भनेको सुशासनको कमी हो तर अधिकारीहरू तथा सहयोगदाताहरू यसलाई नदेखे जस्तो गर्छन् अनि अझ खर्चालु तथा अन्ततोगत्वा अनुपयोगी र हस्तक्षेपकारी योजना अघि बढाउँछन्।

पाकिस्तानको अनुभव भनेको कसरी गरीब मुलुकहरूले गरिबीबाट उम्कने जस्ता सुधारका कार्यक्रमहरू तर्जुमा तथा लागुगर्न जुध्नुपर्छ भन्ने कुराको अध्ययन हो। वास्तवमा पाकिस्तानमा चलिरहेको उर्जा संकटले देशको आर्थिक बिकासलाई नै कमजोर बनाउँदै छ। अर्थ मन्त्रालयको अनुमान अनुसार उर्जा संकटका कारण मात्रै विगतको नौ बर्ष यता देशको वार्षिक आर्थिक बृद्धिदर दुई प्रतिशतले घटेको छ।

स्थिति अझ खराब छ किनभने त्यही समयावधिमा सरकारले कुलगार्हस्थ्य उत्पादनको १० प्रतिशत भन्दा बढी उर्जा क्षेत्रको आर्थिक नोक्सानी पूर्ती गर्न खर्च गरेको छ। यसको अर्थ के हुन जान्छ भने पाकिस्तानको उर्जा क्षेत्रको राम्ररी सुधार गरिएको हुन्थ्यो भने देशको अर्थ व्यवस्था उल्लेखनीय गतिमा अर्थात लगभग वार्षिक ४ प्रतिशतले बढ्ने थियो र त्यही समयमा देशको बढ्दो जनसंख्यालाई यथेस्ट रोजगारीका मौका पनि सिर्जना गर्ने सम्भावना प्रबल हुनेथियो।

पछिल्ला ९ बर्षमा पाकिस्तानले अन्तरराष्ट्रिय मुद्रा कोषका दुई कार्यक्रम तथा विश्व बैंकका अनेकन पहलहरूका साथसाथै एसियाली बिकास बैंक र कैयन अरू दातृ निकायहरू मार्फत सहयोग हात पारेको छ। पुँजी उपलब्ध गराए बापत अन्तराष्ट्रिय मुद्रा कोषले पेट्रोलियम पदार्थमा लाग्ने करमा भारी बृद्धी गर्न लगाउनुका साथै उर्जाको मुल्यमा पनि बृद्धी गर्न लगायो। विश्व बैंकले पनि उर्जा क्षेत्रमा निजी लगानी आकर्षित गर्न सरकारलाई ऋण सुनिश्चितता प्रयोग गर्न बाध्य पार्‍यो।

अब अहिले आएर भने तिनै सुनिश्चितताहरू सरकारलाई नोक्सानदायी साबित भएका छन्। हालसालैको एउटा प्रचार अभियानमा निजी उर्जा उत्पादकहरूले फेरि सरकारी ग्यारन्टीलाई उपयोग गरेर भुक्तान हुन बाँकी बराबरको रकम उठाउने धम्की दिएका छन्। केही ढिलासुस्ती र उत्पादनमा गिरावट पश्चात सदाझैं सरकारले सो नोक्सानी ब्यहोर्ने निर्णय गरेको छ।

यतिठूलो मूल्य चुकाए पश्चात पनि अझै भविष्यमा हुनसक्ने आर्थिक नोक्सानीबाट बचाउने योजना तर्जुमा गर्नु त परको कुरा यो अवधिमा बनेका तीनवटा सरकारले न श्वेतपत्र तयार गरे र नत यो बिषयमा प्रकाश पार्ने गरी नीतिगत समिक्षा नै गरे। यो समस्याको अनुसंधान गर्ने कुनै स्वतन्त्र आयोग अथवा कार्यदलको पनि गठन गरिएन। हामीलाई के भनिएको छ भने समस्याको कारणको खोजी भन्दा यसलाई गतिदिनु बढी जरूरी छ।

दाताहरू तथा सरकार भन्छ यसको समाधान सन्निकट छ। अरबौं डलर अब यसका लागि जोगाड भइसकेको छ। अधिक उर्जा आपुर्ति गर्न अधिक खर्च त पहिले पनि गरिंदै आएको हो र देशले अत्यधिक मुल्य चुकाएको छ त्यसका लागि। साथसाथै, उर्जा क्षेत्रको नोक्सानी उपभोक्तालाई पनि बोकाइएको छ। मुल्य बृद्धी गरेर होस् या अधिक शुल्क वा अरू कर लगाइयोस यो समस्याको दिर्घकालीन समाधान होइन।

अब पाकिस्तानले आफ्नो उर्जा संकटको गहन विश्लेषण गर्ने बेला आएको छ। जब म उर्जा क्षेत्रमा बरिष्ठ नीति निर्माताको रूपमा आबद्ध थिएँ, आपुर्तिको संरचना, नियमनको गुणवत्ता, मूल्य निर्धारण गर्ने कारक तत्वहरू तथा आवश्यकता अनुरूपको संरक्षित नीतिहरूको असर आदि बुझ्न मैले 'सिस्टम्स अप्रोच' प्रभावकारी पाएँ।

पाकिस्तानको उर्जा आपुर्ति तथा बितरण ब्यवस्था केन्द्रिकृत सरकारीतन्त्रद्वारा गर्ने गरिएको छ। निजी बिद्युत उत्पादकहरू तथा निजी क्षेत्रको बितरण कम्पनीले सरकारी ठेकेदारका रूपमा निश्चित मुनाफा लिई काम गर्छन्। बाँकी उत्पादन तथा बितरण कम्पनीहरू सरकारका बिभिन्न मन्त्रालय अन्तर्गतका हुन्छन् जसको ब्यवस्थापन, श्रोत तथा बित्तीय ब्यवस्था सम्बन्धित मन्त्रालयहरूले आ-आफै हेर्छन्। यो परिप्रेक्षमा यस्तो प्रणालीले ठूला आर्थिक क्षतिहरू ब्यहोरिराख्नु त्यती अचम्मको कुरा पनि होइन। उर्जा बजारको जति चर्चा भए पनि यो प्रणाली सरकारद्वारा निर्धारित मूल्यमा चल्छ। देशभरि उपभोक्ताहरू एउटै मूल्य तिर्छन् भने नियामक निकायले उत्पादन तथा बितरण कम्पनीहरूका लागि बेग्लै मूल्य निर्धारण गर्छन्। तर ती मुल्यहरू माग र पुर्ती बीचको सन्तुलनको होशियारिपूर्वक अध्ययन गरी निर्धारण गरिएको हुन्छ भन्ने कुराको भने टुंगो हुँदैन।

वास्तवमा नियमनकारी निकायलाई कसैले आफ्नो अधिनमा लिएको हुन्छ भन्ने आशंकाका लागि यथेष्ट कारण छन। लागतमा जोडिएर मूल्य र शुल्कको निर्धारण हुन्छ तर लागतको नै राम्ररी अनुगमन गरिएको छ छैन स्पष्ट हुन्न। अनि बिभिन्न शुल्कहरू बिधमान नोक्सानीहरू तथा उर्जा क्षेत्रका असक्षमताको ख्याल नै नगरि निर्धारण गरिन्छ। त्यसमाथि मूल्य निर्धारण प्रणालीलाई एकातिर थन्क्याउँदै सरकार यस क्षेत्रको घाटा कमगर्न उपभोक्ताहरूमा मूल्य बृद्धिको भार थोपरिरहन्छ।

मागतर्फ कुनै गम्भीर संरक्षण नीति अवलम्बन गरिएको छैन। यस्तो लाग्छ, नियम तथा प्रणालीहरू खर्च बढाउन बनेका हुन्। शहरी जग्गा तथा भवन संहिता ज्यादा उर्जा खपत गराउने खालको छ किनभने त्यसमा 'फ्ल्याट' भन्दा एकल परिवारका घरहरूलाई महत्व दिइएको छ। चौडा सडक, फ्लाइओभर एवं द्रुतमार्गहरूले कारहरूको प्रवर्धन गरेका छन् भने पदयात्री तथा साइकलयात्रीहरूलाई पूरै बेवास्ता गरिएको छ।

कंक्रिटले बनेका झ्यालमा पातला शिशा भएका घर तथा भवनहरूको तात्ने र चिसिने कुरा निम्न गुणस्तरको मानिन्छ। त्यसमाथि ती घरहरूमा यस्ता उपकरणहरू हुन्छन् जुन मापदण्ड अनुसारका हुँदैनन् र धेरै उर्जा खपत गर्छन् विशेष गरी ग्यासको खपत। अझै उर्जा बचाउने र खपत कमगर्ने उपकरणहरू किन महंगा छन् भने पुराना प्रविधी प्रयोग गर्ने उत्पादकहरूले शुल्क संरक्षणको सुबिधा उपभोग गरिरहेका छन्।

पाकिस्तानको उर्जा प्रणालीको हरेक पक्षमा सुधारको आवश्यकता छ भन्ने कुरो स्पष्ट छ। यो देशले एउटा उचित मूल्य निर्धारण संयन्त्रको बिकास, तथ्यमा आधारित तथा स्वतन्त्र नियामक निकायको स्थापना, सक्षम तथा बिकेन्द्रित आपुर्ति ब्यवस्थाको सिर्जना तथा संरक्षणका उपाय कार्यान्वयन गर्नुपर्छ। यो पहललाई सघाउन विश्व बैंक तथा एसियाली बिकास बैंकले आजसम्म अनुत्तरित अनुरोधका प्रतिउत्तरमा पाकिस्तानलाई आधुनिक मूल्य निर्धारण संयन्त्र बिकास गर्न र नियामक परीक्षण सञ्चालन गर्न उचित प्राविधिक सहयोग गर्नुपर्छ। ९ बर्षका हतारका र अस्थाई समाधानपछि पाकिस्तान तथा यसका दाताहरूले के पहिचान गर्न सक्नुपर्छ भने यो उर्जा संकटलाई संस्थागत सुधारले मात्र हलगर्न सकिन्छ। अन्यथा नोक्सानी मात्र बढ्ने छ, त्यो पनि उर्जाको क्षेत्रमा मात्र होइन। यसलाई नियन्त्रण नगरी यसै छाडिदिने हो भने नोक्सानीको सञ्चितिले भयानक परिणाम ल्याई राज्य नै अस्थिर बन्न सक्छ। मध्यान्ह दैनिकबाट

# पत्रपत्रिकाबाट...

## नेपाल-भारत जोड्ने मोटरेबल पुलको भारतीय प्राविधिक टोलीद्वारा सर्भे

सन्तोष कोट्टारी। दार्चुला। नेपाल र भारत जोड्ने मोटरेबल पुल निर्माणका लागि भारतीय प्राविधिकहरूको टोलीले दार्चुलामा स्थलगत सर्भे गरेको छ। नेपालतर्फ दार्चुलाको महाकाली नगरपालिका वडा नम्बर ९ सकार भीर र भारतको उत्तराखण्ड बालुवाकोटस्थित कन्या कलेज नजिकको क्षेत्रमा पुल निर्माणका लागि स्थलगत सर्वेक्षण गरिएको हो। भारतीय टेक्निकल कन्सल्टेन्सीका प्राविधिक मनोज सहितको प्राविधिक टोलीले नेपाल र भारत दुवैतिर सर्भे गरेका छ।

यसअघि नेपाल-भारत सुरक्षा समन्वय समितिको बैठकमा दुबै देश जोड्ने पुल निर्माणका लागि ३ ठाउँ छनौट गरिएको थियो। नेपालतर्फ महाकाली नगरपालिका वडा नम्बर ९ को सकार भीर, सोही नगरपालिकाको वडा नम्बर ६ धाप र वडा नम्बर ४ वीरेन्दवन तथा भारततर्फका बालुवाकोट कन्या कलेज नजिकै, छार्छङ र वृन्द्रावन पारि गोर्खा रेजिमेन्ट ब्यारेक नजिकको ठाउँलाई सिफारिश गरिएको थियो। तीमध्ये सकार भीर भारतको बालुवाकोट कन्या कलेज नजिकको क्षेत्रमा सर्वेक्षण गरिएको छ। त्यस्तै, नेपाल-भारत जोड्ने झोलुङ्गे पुल निर्माणका लागि दार्चुला जिल्लाका ४ ठाउँमा छनौट गरी सिफारिश गरिएको थियो।

## युरोप, अमेरिका भ्रमणबाट फर्किए मोदी

नयाँ दिल्ली। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी युरोप अमेरिकाको चार दिने भ्रमण सम्पन्न गरी बुधबार स्वदेश फर्किनुभएको छ। उहाँ औपचारिक भ्रमणका लागि पोर्चुगल, नेदरल्याण्डस् र संयुक्त राज्य अमेरिका जानुभएको थियो। उक्त भ्रमण सकेर उहाँ बुधबारै स्वदेश फर्किनु भएको समाचारमा जनाइएको छ। भारतीय विदेश मन्त्रालयका प्रवक्ताले प्रकाशन गर्नुभएको संक्षिप्त विज्ञप्तिमा भनिएको छ। प्रधानमन्त्री मोदी अमेरिका, पोर्चुगल र नेदरल्याण्ड्सको भ्रमण सफलतापूर्वक सम्पन्न गरी बुधबार बिहान स्वदेश फर्किनुभएको छ। उहाँलाई नयाँ दिल्लीको अन्तराष्ट्रिय विमानस्थलमा भारतीय विदेशमन्त्री सुष्मा स्वराजले स्वागत गर्नुभएको थियो। उहाँको भ्रमणका क्रममा पोर्चुगलसँग विभिन्न ११ वटा समझदारीपत्रमा हस्ताक्षर भएको थियो। त्यस्तै नेदरल्याण्डसँग पनि विभिन्न तीन वटा समझदारी पत्रमा हस्ताक्षर भएको थियो। त्यस्तै संयुक्त राज्य अमेरिकाको भ्रमणका क्रममा प्रधानमन्त्री मोदी र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच भेटवार्ता भएको र उहाँहरूले द्विपक्षीय सम्बन्ध सुदृढिकरण र आपसी हितका विषयमा वार्ता गर्नुभएको थियो। प्रधानमन्त्री मोदी सो भ्रमणका लागि गत शनिबार पोर्चुगलतर्फ प्रस्थान गर्नुभएको थियो।

# जिल्ला समाचार

## व्यावसायिक आँप तालिम सम्पन्न

जलेश्वर। महोत्तरी जिल्लालाई आँप खेतीका लागि चिनाउन एक गाउँ एक उत्पादन कार्यक्रम अन्तर्गत जलेश्वरमा सोमबारदेखि सुरू गरिएको दुई दिवसीय व्यावसायिक आँप तालिमको सम्पन्न गरिएको छ। व्यावसायिक आँप कार्यक्रम जिल्ला कार्यान्वयन समिति महोत्तरीको आयोजनामा जलेश्वर नगरपालिकाको हरेक वडाबाट सम्मिलित ५० जना किसानहरूको सहभागिता रहेको सो तालिम मंगलबार सम्पन्न गरिएको कार्यक्रमका सदस्य सचिव गजेन्द्र गुप्ताले जानकारी दिए। तालिममा उन्नत प्रविधि, आधुनिक नर्सरी विकास, विरूवामा लाग्ने विभिन्न रोग, किटनाशक औषधी र त्यसको प्रयोग तथा व्यावसायिक आँप उत्पादनबारे तालिममा जानकारी गराइएको सदस्य सचिव गुप्ताले जानकारी दिए। जिल्ला कृषि कार्यालय महोत्तरीका बाली विकास अधिकृत रामसोगारथ मण्डल मुख्य प्रशिक्षक रहेको तालिमको समापन उद्योग वाणिज्य संघ जलेश्वरका महासचिव अजित चौधरीले गरेका थिए। तालिममा व्यावसायिक आँप कार्यक्रम जिल्ला कार्यान्वयन समितिका सदस्य सचिव गजेन्द्र गुप्ता तथा सदस्य रञ्जित राउतले समेत सहभागीहरूलाई आँप खेतीबारे आवश्यक जानकारीहरू दिएका थिए।

## राजपाद्वारा बृहत् मोटरसाइकल रैली

वीरगन्ज। स्थानीय निर्वाचनको विरोध गर्दै राष्ट्रिय जनता पार्टी नेपालले वीरगन्जमा बृहत् मोटरसाइकल रैली निकालेको छ। संविधानका त्रुटिहरू नसच्याएसम्म कुनै पनि निर्वाचनमा सहभागी नहुने र हुन पनि नदिने चेतावनी दिँदै आएको राजपाले निर्वाचन बहिष्कारका लागि चरणबद्ध आन्दोलनका कार्यक्रमहरू घोषणा गरेको छ। पूर्वघोषित कार्यक्रमअनुसार राजपाले मधेश-थरूहटका जिल्लाहरूको सदरमुकाममा बृहत् मोटरसाइकल रैलीको आयोजना गर्दैछन्। सोही क्रममा राजपा वीरगन्जले पनि आइतबार वीरगन्जमा बृहत् मोटरसाइकल जुलुस प्रदर्शन गरेको छ।

## पोखरीमा डुबेर बालकको मृत्यु

कपिलबस्तु। आफ्नै घर अगाडिको अघिया खोलामा नुहाउने क्रममा शनिबार अचानक डुबेर बेहोश भएका बुध्दभूमि नगरपालिका-९ धमौली बस्ने ८ वर्षीय सुनिलकुमार गिरीको जिल्ला अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको छ। यसैगरी कपिलबस्तु, कृष्णनगर नगरपालिका-१ गुर्सिहवा बस्ने रामप्रसाद चौधरीको छोरा १० वर्षीय सचिन चौधरीको सोही ठाउँस्थित सुरही खोलामा नुहाउने क्रममा शनिबार डुबेर मृत्यु भएको छ।

## प्रधानाध्यापकमाथि गोली प्रहार

धनुषा। धनुषामा एक प्रधानाध्यापकमाथि एक अज्ञात व्यक्तिले गोली प्रहार गरेका छन्। लक्ष्मीनिया गाउँपालिका-२ स्थित सिनुरजोडा जाने बाटोमा आइतबार गोली प्रहार हुँदा सिनुरजोडा माध्यमिक बिद्यालयका प्रधानाध्यापक धनुषा, जनकपुर उपमहानगरपालिका-७ बस्ने ४६ वर्षीय नरेन्द्र शर्मा गोली लागेर घाइते भएका छन्। सोही बिद्यालयका शिक्षक आनन्दकुमार मण्डलले चलाएको ना.२९ प ८४०३ नम्बरको मोटरसाइकलमा सवार शर्मालाई नम्बर नखुलेको कालो रङको मोटरसाइकलमा आएका अपरिचित ब्यक्तिले गोली हानी फरार भएका थिए। तत्काल घटनास्थलमा खटिएको प्रहरीले घाइतेलाई उपचारको लागि जनकपुर अञ्चल अस्पताल पठाएको छ। बायाँ गालामा १ राउण्ड गोली लागेका शर्माको अवस्था गम्भीर रहेको छ। गोली प्रहार गर्ने व्यक्तिको खोजी गर्नुको साथै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## उपचारको क्रममा मृत्यु

कैलाली। ट्रकलाई आभेरटेक गर्न खोज्दा दुर्घटनामा परेको मोटरसाइकल चालकको मृत्यु भएको छ। गोदावरी नगरपालिका-५ गेटा पोष्टर नजिक ना.४ ख ५८१४ नम्बरको ट्रकलाई से.५ प ६९२१ नम्बरको मोटरसाइकलले ओभरट्याक गर्ने क्रममा ट्रकमा ठोक्किदा शुक्रबार भएको दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकल चालक टिकापुर नगरपालिका-१ बस्ने ५२ वर्षीय नृपराज भट्टराईको उपचारको लागि भारतको लखनउ लगेकोमा उपचारको क्रममा मृत्यु भएको छ।

## आगलागीबाट १२ लाखको क्षति

सर्लाही। सर्लाही र बारा जिल्लामा आइतबार आगलागी हुँदा १२ लाखभन्दा बढीको क्षति भएको छ। सर्लाहीको कबिलासी गाउँपालिका-८ अगरबाचोक बस्ने बिनोद राय, रामानन्द चौधरी र बिनोद चौधरीको पान पसलमा आइतबार आगलागी हुँदा ३ जनाकै घरका सरसामान जलेर करीव ९ लाख रूपैयाँ बराबरको धनमाल क्षति भएको छ। यसैगरी, बाराको कलैया उपमहानगरपालिका-३ बैजनाथपुर बस्ने ४८ वर्षीय बैदनाथ रायको घर र गोठमा बिद्युत सर्ट भई आइतबार आगलागी हुँदा नगद, अन्नपात, लत्ताकपडा र भाडाबर्तन गरी करीव ३ लाख रूपैयाँ बराबरको धनमाल क्षति भएको छ। नेपाल प्रहरी, नेपाली सेना, स्थानीयबासी र दमकलको सहयोगमा उक्त आगो नियान्त्रणमा लिएर घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## सामुदायिक संस्थाको भवन शिलान्यास

वीरगंज। पर्साको बेलवा गाँउपालिका वडा नम्बर ७ लक्ष्मीपुरमा एक कार्यक्रमका बिच प्रगति महिला सामुदायिक संस्थाको भवनको शिलान्यास गरिएको छ। स्थानीय समाजसेवी एवं प्रगति महिला सामुदायिक संस्थाका सदस्य मैनादेवी नुनिया र कमल महतोले पाँच लाख मुल्य बराबरको १० धुर दान गरेको जग्गामा सो भवनको शिलान्यास गरिएको हो। कार्यक्रमका प्रमुख अतिथि एवं सांसद बिचारी प्रसाद यादवले सो भवनको शिलान्यास गरेका थिए। प्रगति महिला सामुदायिक संस्थाका अध्यक्ष चम्पा चौधरीको अध्यक्षता सांसद बिचारी प्रसाद यादवको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थाकी सदस्य अर्चना रिजाल, किसमती देवी चौधरी, वेलवा वडा नम्बर ४ का सचिव प्रवेश अंसारी, पत्रकार अनिल तिवारी, एमालेका नेता नविजान अंसारी लगायतकाले मन्तव्य व्यक्त गरेका थिए।

## भारत-नेपाल फाउन्डेशनद्वारा छलफल

जनकपुरधाम। मिथिला चित्रकलाबारे बिपी कोइराला भारत-नेपाल फाउन्डेशनले छलफल गरेको छ। मिथिला चित्रकलालाई जीवन्त राख्नका लागि पाठ्यक्रममा समावेश गर्नुपर्ने सुझाव दिइएको छ। बिपी कोइराला भारत-नेपाल फाउन्डेसनद्वारा यहाँ आयोजित छलफल कार्यक्रममा सहभागीले मिथिला चित्रकलामा नयाँ पुस्ताको आकर्षण अभिवृद्धिका लागि आधुनिक प्रविधिसँग हातेमालो गर्दै बजारीकरणतर्फ ध्यान दिनु जरूरी रहेकामा जोड दिए। परम्परागत रूपले परिवारमा हस्तान्तरित हुँदै आएको यो कलामा वर्तमानमा नयाँ पुस्ताको सहभागिता उत्साहजनक नभएका कारण कला मरेर त जाने होइन भन्ने चिन्तासमेत सहभागीले व्यक्त गरेका छन्।

## स्थानीयले गरे विरोध

राकेश यादव, रौतहट। रौतहट जिल्लाको गौर नगरपालिका वार्ड नम्बर १२ हालको वार्ड नम्बर ६ मा भैरहेको सडक ढलानमा गुणस्तरहीन निर्माण सामग्री उपभोगता समितिले प्रयोग गरिरहेको भन्दै स्थानीय युवाहरूले विरोध गरेका छन्। गौर नगरपालिका कार्यालयको ४६ लाख ८ हजारको लागतमा उपभोक्ता समितिको मार्फत निर्माण भइरहेको दाल मिल जाने बाटोको पीसीसी ढलानमा ८ टिन गिट्टी प्रयोग भैरहेकोले काम रोक्नु पर्ने माग गर्दै स्थानीयहरू योजना स्थलमा गएर विरोध गरेको हो। ५ लाखभन्दा बढीको योजना भए योजना सुचारू गर्नुभन्दा पहिला पूर्ण विवरण स्पस्ट रूपमा उल्लेख गरी स्थलगतमा बोर्ड लगाउनु पर्ने निर्देशिकामा रहेपनि ४६ लाखको योजनामा बोर्ड नलगाई काम शुरू गरेकोले स्थानीयहरू समिति माथि आक्रोशित भएका हुन्।

## विरामीलाई फलफूल वितरण

जलेश्वर। नेपाल औषधी व्यवसायी संघ महोत्तरीले आफ्नो स्थापना दिवसको अवसर पारेर जिल्ला अस्पताल जलेश्वरमा सरसफाईसंगै विरामीहरूलाई फलफूल वितरण गरेको छ। संघको ४४ औं स्थापना दिवसको अवसरमा महोत्तरीका औषधी व्यवसायीहरूले जिल्ला अस्पताल जलेश्वरलाई सरसफाईको लागि तिनवटा कन्टेनर समेत हस्तान्तरण गरेको औषधी व्यवसायी लवकुमार सिंहले जानकारी दिए। औषधी व्यवसायीहरूको तर्फबाट रामाप्रसाद जालानले फोहर मलाई लेखिएको कन्टेनर जिल्ला अस्पतालका मेडिकल सुपरिडेनटेन्ट द्धारिका प्रसाद साहलाई हस्तान्तरण गरेका थिए। सो अवसरमा जिल्ला अस्पताल जलेश्वरको इमरजेन्सीसहित अन्य वार्डहरूमा भर्ना भएका विरामीहरूलाई फलफुल समेत वितरण गरिएको थियो। जिल्लाका दर्जनौं औषधी व्यवसायीहरू सम्मिलित भई अस्पतालमा सरसफाई समेत गरेका थिए।

## facebook


लोकतन्त्र एउटा प्रक्रिया हो। यस मार्फत एकातिर संविधान अन्तर्गतको कानुन, संरचना तथा संस्थाहरूको परीक्षण गर्ने प्रक्रिया लागू हुन्छ भने अर्को तिर यसको निरन्तर अभ्यासबाट जनता सशक्त हुँदै जान्छ। लोकतान्त्रिक अभ्यासको क्रममा संविधान जनताको कसौटीमा सही न भएको प्रमाणित हुँदै जान्छ , तब जनता आफुमा अन्तर्निहीत सार्वभौम अधिकारको प्रयोग गरी उक्त संविधानलाई परिमार्जित पनि गर्न सक्छ। **सरिता गिरी**


हुलाकी सडकको दुर्दशा देखेर कसको मन दुख्दैन र ? त्यसमा पनि लाखौं बजेट विनियोजित भै सकेपछी पनि आर्थिक वर्षको अन्त्यसम्म पनि सिरहादेखी भगवानपुरको खण्ड मर्मत-सम्भार नहुनुमा के पहाडी शासककै दोष हो त ? लाहान सडक बिभागमा बसेका इन्जिनीयरहरू जो सबै मधेशी छन तिनीहरूलाई यसको चिन्ता छैन ? **राजरिझन यादव**


स्थानीय तहको निर्वाचनमा सेना परिचालन तराई मधेशका जिल्लामा मात्र होइन हिमालको खुम्बु गाउँसम्म सबैतिर भएको छन्। एन.आर.एम र द्वन्द्वजिवीलाई थाहा होस्। **मात्रिका पौडेल**


अधिकांश स्वराजी मित्रहरूको बाउ बाजे पहाडी पार्टी काँग्रेस, एमाले र माओवादीका वडा अध्यक्ष र वडा सदस्य पदका उम्मेदवार छन् र स्वराजी मित्रगण आफ्ना बाउ बाजेलाई जिताउन मतदान गर्दैछन। यसले के देखाउँछ भने राउतको अभियानले ५% मत बदर हुने छैन र स्वतन्त्र मधेशको एजेण्डा समाप्त हुनेछ। **सुरेश मण्डल**


राजपाको द्वेध चरित्र, चुनाव भैरहेको ठाउँमा उम्मेदवारी दिएर भोट हाल्ने, तर प्रदेश न. २ मा बन्दसहित विरोध जुलुश, किन ? कुनै पार्टीले एकै दिन भोट हाल्न र बन्द गर्न मिल्छ ? दिशाहीनताको ताजा नमूना यही हो। राजपाको भेडे नेतृत्वले आखिर जनतालाई पनि भेडा नै ठानेको रहेछ। **महेश चौरासिया**


बन्दुकको बलमा मधेशमा निर्वाचन गराउन सफल भएकोमा सरकारलाई बधाई। सरकारका समर्थकलाई पनि बधाई। राज्यले छल पूर्वक मधेशको मध्यमार्गी धार राजपालाई कुनामा धकेल्ने काम गरेको छ। यसको दूरगामी परिणाम देशले भोग्ने छ। **समरेन्द्र शर्मा**


आदरणीय सि.के. राउतजी, हुन त तपाईंलाई आदर्श भन्ने शब्दसँग खासै कुनै सरोकार नहोला। तर पनि आम मधेशीलाई गलत संस्कार नदिनुहोस। तपाईं त झन बुद्ध, महात्मा गान्धी र नेल्सन मण्डेलाको पथमा हिंडेको मान्छे, तपाईंले त झनै गलत शैलीको प्रयोग बारे सोच्न पनि नहुने हो। जानी जानी मतपत्र बदर गरेर आउने शिक्षा दिनु गलत हो। **स्नेहा झा**


नेपालको मधेश र भारतको दार्जिलिंग क्रमश: आ-आफ्नै देशका आन्तरिक बिषय हुन्। दुबै देश र नागरिकले एकअर्काको आन्तरिक मामलामा हस्तक्षेप गर्न हुँदैन। **सुवास अधिकारी**


तेस्रो चरणको निर्वाचनमा पनि राजपा नेपाल सहभागी भएन भने त्यसको कारण मधेशी जनताले अधिकार नपाउनु मात्र होइन, ६ पार्टीको एकिकरणपछिको भद्रगोल नेतृत्व र पार्टी संरचना मुख्य हो भनेर बुझिएला। **संगीता रेग्मी**


मधेश र पहाड एकै रथका पांग्रा हुन् भन्ने ज्ञान नभएसम्म यो द्वन्द्व सदैव रहन्छ। मधेशको समस्या जति ढिलो हुँदै जान्छ त्यति नै विदेशी तत्वले आफ्नो स्वार्थका लागि राजनीति गर्न ठाउँ पाउँछन्। पहाडका दलमात्र होइन, मधेशकेन्द्रित दलहरू पनि यो विषयमा गम्भीर हुने बेला आएको छ। **ललितार्त क्यारिस्मेटिक**


मधेश समस्या कुनै न कुनै बिन्दुमा समाधान हुनैपर्छ। तर, राजपाका टाउके नेताहरूको आन्दोलन र विरोधका चर्को कुरा सुन्दा लाग्छ कतै पेलेरै लानुपर्छ भन्ने ओली प्रवृत्ति कतै ठिक पो थिएन ? जतिसुकै गरेपनि चुनावमा आउन नमान्ने यी टाउकेहरूले मधेशी जनतालाई के न्याय देलान् ? जनताको मताधिकार अधिकार कुण्ठित गर्न कस्ले दियो यिनीहरूलाई अधिकार ? **रमेश घिमिरे**




# भाइरल बन्दै “संरक्षण”का संवादहरू

## ‘सक्किम दुख्छ, दार्जिलिङ दुख्छ, तर आफ्नै देशको मधेश दुख्दैन ?’

काठमाडौं। राजनीतिक कथावस्तुलाई आधार बनाएर बनाइएको नेपाली कथानक चलचित्र संरक्षणको पहिलो ट्रेलर हालै सार्वजनिक गरिएको छ। ट्रेलर सार्वजनिक भएसँगै सामाजिक संजालमा यसको व्यापक चर्चा सुरू भएको छ। पहिलो ट्रेलर बाहिरिएपछि सबैभन्दा धेरै चर्चा चलचित्रको आकर्षक र गहिरा संवादहरूमाथि भइरहेको छ। चलचित्रको ट्रेलरमा देखाइएका केही संवादहरू अहिलेको नेपालको राजनीतिक परिवेशसँग मेल खाने हुनाले पनि यसले व्यापक चर्चा पाइरहेको छ। चलचित्रको ट्रेलरमा देखाइने एउटा संवाद त सामाजिक संजालतिर भाइरल हुँदै गएको छ।




ट्रेलरमा एउटा संवाद रहेको छ,“सिक्किम दुख्छ, दार्जिलिङ दुख्छ, तर आफ्नै देशको मधेश दुख्दैन।” हाल सामाजिक संजालमा व्यापक रूपमा चर्चामा रहेको यो संवाद चलचित्रका निर्देशक पुर्णेन्दु झा स्वयमले नै लेखेका हुन्।

करिब तीनरचार वर्ष पहिले लेखिएको यो संवाद अहिलेको नेपालको परिवेशसँग मेल खाने हुनाले पनि दर्शकहरूको मन तान्न सकेको हो। भारतको दार्जिलिङमा चलिरहेको गोरखाल्याण्ड आन्दोलन र नेपालको मधेश आन्दोलन, अनि ई दुबै आन्दोलनप्रति आम नेपाली जनताको फरक फरक दृष्टिकोणसँग मेल खाने हुनाले यो संवादले सबैको मन छुँदै गएको छ।

त्यतिबेला यो संवाद लेख्दा निर्देशक झाले यो भाइरल हुने बारे केही सोचेका थिएनन्। त्यति बेला उनको मष्तिष्कमा यो डायलग कसरी आयो त ? यसको जवाफमा झा भन्छन्, “मधेशी जनताको सेन्टिमेन्ट हो त्यो। हामीले सोसाइटिलाई पोलिटिक्सलाई आफ्नो तरिकाले वाच गरिरहेका हुन्छौं। जे देखियो त्यो लेखें।“

चलचित्रको पहिलो ट्रेलरमा देखाइएका संवाद र दृष्यहरूले राजनीतिको गहिरो मर्ममा आधारित रहेर चलचित्र निर्माण गरिएको झलक दिन्छ। त्यति मात्र नभएर चलचित्रको पोष्टरमा अंकित पाँच प, अर्थात “फाइभ पी(ए)“ले पनि चलचित्रको विषय निकै गहिरो र संवेदनशील रहेको देखाउँछ। चलचित्रको निर्देशकसँगै लेखक पनि रहेका पुर्णेन्दु झाले आफ्नो पहिलो फिचर फिल्मको लागि यस्तो गहन विषयवस्तु किन छनौट गरे त ? उनी भन्छन्, “मलाई जे ठिक लाग्छ, जे फिल हुन्छ त्यही टापिकमा काम गर्न रूचाउँछु। यस पछिका प्रोजेक्टहरू नितान्त फरक टापिकमा हुनेछन्।“चलचित्रको ट्रेलर र सार्वजनिक भएको पोष्टरहरूले चलचित्र पावर, पोलिटिक्स, पुलिस, प्रेस र पब्लीक बिचको अन्तर्सम्बन्ध अनि द्वन्द्वको कथावस्तुमा आधारित रहेको अनुमान गर्न सकिन्छ। देशको राजनीतिमा केन्द्रित रहेरनेपाली चलचित्रहरूको निर्माण पहिले पनि भएका छन्। ती चलचित्रहरूभन्दा संरक्षण के अर्थमा फरक छ त ? निर्देशक एवम् लेखक झा भन्छन्, “यस चलचित्रले नेपालको राजनीतिको सबै आयाम, केन्द्रिय राजनीतिमा प्रभाव पार्ने हरेक समूह वा शक्ति, राजनीति र प्रहरी प्रशाषणबीचको सकसलाई समेट्ने प्रयास गरेको छ।“

निर्देशक झाको यस कथनलाई चलचित्रको अर्को एउटा संवादले पनि पुष्टि गरेको छ। सौगात मल्लको एउटा संवाद जहाँ थारूको शक्तिको बारेमा भनिएको छ। यसरी हेर्दा चलचित्रले मधेशी मात्र नभएर थारूहरूको अवस्थालाई पनि चित्रित गरेको भन्न सकिन्छ।

संरक्षणका अर्का लेखक रमेश रञ्जन झा चलचित्रको एक मुख्य पात्रका रूपमा देखिएका छन्। जय मधेशको नारा लगाउँदै मधेशी नेताको रूपमा देखिएका रमेश रञ्जन झाको अभिनयलाई पनि दर्शक रूपी समिक्षकहरूले रूचाएका छन्।

निकै संवेदनशील र गम्भीर विषयवस्तुमा आधारित भएर चलचित्र निर्माण गरिएको भए पनि चलचित्र निकै रोमाञ्चक हुने र यसले स्रोताहरूको ध्यान खिँच्न सफल हुने देखिन्छ। सौगात मल्लकै अर्को एउटा संवाद, म गाँजा खान्न तर गाँजाको कपडा खोजी खोजी लगाउँछु पनि दर्शकहरूको मन जित्न सफल भएको छ। नेपाली फिल्म जगतमा अभिनय किंगको उपमा पाएका नायक मल्लको अभिनय दर्शकहरूका लागि आकर्षक हुनेमा दुईमत छैन। चलचित्रको पहिलो ट्रेलरमा नायिकाहरूलाई खासै स्पेस नदिइएको गुनासो भने सबैको छ। के चलचित्रमा नायिकाहरू गौण पात्रकै रूपमा रहेका छन् त ? यस बारेमा निर्देशक झा भन्छन्, “यो पहिलो ट्रेलर हो। दोस्रो ट्रेलर आउन बाँकी नै छ। अहिले नै सबै कुरा देखिनुपर्छ भन्ने छैन।“ पहिलो ट्रेलरपछि निखिल उप्रेतीका फ्यान भने केही निराश बनेका छन्। निखिलको भूमिका खासै देखिएन भन्ने उनीहरूको गुनासो छ। एक्सन स्टार उप्रेतीको भूमिकाका बारेमा निर्देशक झाको कथन छ, “केही दिन पर्खनुस। निखिलजीको भूमिका सही छ, राम्रो छ।“

चलचित्र संरक्षणको सांगितिक पक्ष पनि उतिकै बलियो रहेको र केही दिनमै चलचित्रका गीतहरू सार्वजनिक हुने झा बताउँछन्। चलचित्रमा समावेश होलीको एक गीत भने यसअघि नै रिलीज भइसकेको छ। मैथिली र नेपाली भाषा मिसाइएको उक्त गीतले पनि निकै चर्चा बटुलेको थियो।

होलीको गीत र चलचित्रको पहिलो ट्रेलर सार्वजनिक भएपछि अधिकांशले यसलाई समावेशीताको सही उदाहरण भनेका छन्। चलचित्र यही साउन २७ गते प्रदर्शन हुने भएको छ।

# परराष्ट्रमन्त्री महरा भारत जाने

काठमाडौं। उपप्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महरा आइतबार भारत भ्रमणमा जाने भएका छन्। प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणको मिति र अजेन्डा तय गर्न महरा भारत जान लागेका हुन्। तीन दिनसम्म हुने भ्रमणका क्रममा मन्त्री महराले भारतीय राष्ट्रपति प्रणव मुखर्जी र प्रधानमन्त्री नरेन्द्र मोदीसँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ। यस्तै उनले समकक्षी सुष्मा स्वराजसँग द्विपक्षीय वार्ता गर्नेछन्। परराष्ट्रमन्त्रीका प्रेस संयोजक हरि लामिछानेका अनुसार भारतीय विदेशमन्त्री स्वराजको निमन्त्रणामा उहाँ भारत जान लाग्नुभएको हो।


कृष्णबहादुर महरा

देउवा नेतृत्व सरकारको परराष्ट्रमन्त्रीको जिम्मेवारी सम्हालेपछि महराको यो पहिलो भारत भ्रमण हो।

नेपाल-भारत विदेशमन्त्रीस्तरीय बैठकमा दुई देशको सम्बन्धको समीक्षा र प्रधानमन्त्रीको भारत भ्रमणको मिति र अजेन्डामा छलफल हुनेछ। महराकै भ्रमणका बेला नयाँदिल्लीस्थित नेपाली दूतावासले गैरआवासीय नेपाली राजदूतहरूको जमघट हुने गरी एक कार्यक्रम आयोजना गर्नेछ। भारतमा दूतावास राखेर ७० भन्दा बढी देशले नेपाल हेर्ने गर्छन्। कार्यक्रममा ती सबै देशका राजदूतलाई बोलाइनेछ। नयाँदिल्लीमा हुने गैरआवासीय राजदूतको भेलामा परराष्ट्रमन्त्रीले ती देशका राजदूतलाईसंयुक्त राष्ट्रसंघको मानवअधिकार परिषद्को सदस्यमा नेपाललाई समर्थन गर्न आग्रह गर्नुहुनेछ।

## आर्थिक समाचार

# एनसेलद्वारा एसईई परीक्षार्थीलाई आंशिक छात्रवृत्ति प्रदान




काठमाडौं। एनसेल प्राइभेट लिमिटेलले आफ्नो ‘पहिलो सिम’ योजनाअन्तर्गत २०७३ सालको माध्यामिक शिक्षा परीक्षा (एसईई) मा सहभागी भएका ४८ परीक्षार्थीलाई माध्यमिक शिक्षाबाट उच्च शिक्षा अध्ययन शुरू गर्नु अगाडि गरिने ब्रिज कोर्स अध्ययनका लागि आंशिक छात्रवृत्ति प्रदान गरेको छ। यस ‘पहिलो सिम’ योजनाअन्तर्गत, एनसेलले तयारी कक्षा संचालनगर्ने १६ वटा ब्रिज कोर्स इन्स्टिट्युटहरूका ३/३ जना उत्कृष्ट विद्यार्थीहरू गरी हाल सम्म ४८ जना विद्यार्थीलाई आंशिक छात्रवृत्ति स्वरूप प्रत्येकलाई रू ५,००० प्रदान गरेको छ। आफ्नो प्रतिबद्धता अनुरूप, एनसेलले योग्यता पुगेकाअरू थप विद्यार्थीहरूलाई पनि यो योजना रहुञ्जेल आंशिक छात्रवृत्ति प्रदान गर्दै जानेछ। ब्रिज कोर्स इन्स्टिट्युटहरूले विभिन्न समयमा लिएको आन्तरिक परीक्षाको नतिजाको आधारमा उत्कृष्ट विद्यार्थीहरू आंशिक छात्रवृतिका लागि छानिएका हुन्। २०७३ सालका एसईई परीक्षार्थीलाई ध्यानमा राख्दै एनसेलले ‘पहिलो सिम’ योजनाअन्तर्गत उत्कृष्ट विद्यार्थी छनोट तथा छात्रवृत्ति प्रदान गर्नका लागि विभिन्न ब्रिज कोर्स इन्स्टिट्युटहरूसँग सहकार्य गरेको छ। एनसेलका अनुसार, आंशिक छात्रवृत्ति माध्यामिक शिक्षा पछिको उच्च शिक्षा अध्ययनका लागि तयारी कक्षामा सहभागी भईरहेका विद्यार्थीहरूको मिहेनतको फलहो। ‘पहिलो सिम’ योजनाअन्र्तगत परीक्षार्थीहरूले लिएको सिमले उनीहरूको सञ्चार सेवाको आवश्यकतालाई संबोधन गर्दै आफ्ना साथीभाई तथा परिवारसँग सम्पर्कमा रहि रहन मद्दत पुर्‍याउने विश्वास कम्पनीले लिएको छ। असार १६ सम्म रहने यो योजनाअन्तर्गत, २०७३ सालका एसईई परीक्षार्थीले मात्र रू १ मा एनसेलको प्रिपेड सिम खरिद गर्न सक्छन् र माइफाइभ समुहको ५ वटा नम्बरमा ३० दिन सम्म अनलिमिटेड कल सेवाको लाभ लिन सक्छन्।







# मिथिला दर्शन टीभी
## कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं